# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २८४ | काठमाडौं | बिहीबार, २९ माघ २०८२ | Prabhab National Daily | Thursday, 12 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## रास्वपाविरूद्ध आक्रामक रणनीतिमा कांग्रेस



२०६४ को चुनावमा नेपाली कांग्रेस दोस्रो दल बन्यो, चार वर्ष खेर गयो तर देशले नयाँ संविधान पाएन। संविधानसभाको दोस्रो निर्वाचन ०७० बाट कांग्रेस पहिलो दल बन्यो, दुई वर्षभित्रै देशले संविधान पायो। आज नेपाली मतदाताले गम्भीर भएर निर्णय लिनुछ- ०६४ माफैं गल्ती गर्ने कि ०७० माफैं विवेक पुऱ्याउने ?

**■ विश्वप्रकाश शर्मा**
उपसभापति, नेपाली कांग्रेस



रवि लामिछाने र बालेनको मिलन प्रायोजित हो। रहरले गठबन्धन गरेका होइनन्। यो गराइएको गठबन्धन हो।

**■ देवराज चालिसे**
प्रवक्ता, नेपाली कांग्रेस



**■ प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसले फागुन २१ गते तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई मुख्य प्रतिस्पर्धीका रूपमा हेरेको छ। यसैअनुसार कांग्रेसले रास्वपाविरुद्ध आक्रामक रणनीति बनाउने तयारी गरिरहेको छ।

आइतबारमात्र कांग्रेस कार्यसम्पादन समितिको बैठकले कसैलाई गाली नगर्ने निर्देशिका नै पारित गरेको कांग्रेसले रास्वपाविरुद्ध आक्रामक रणनीति बनाउने तयारी गरेको हो। कांग्रेस कार्यसम्पादनको निर्देशिकामा भनिएको छ, 'नेपाली कांग्रेस आफ्ना प्रतिस्पर्धी पार्टीहरू र तिनका उम्मेदवारहरूबारे स्वस्थ टिप्पणी गर्ने, आलोचना गर्नुपर्दा विषयगत तर्कका साथ गर्ने तर गाली नगर्ने नीति अख्तियार गर्दछ।'

तर नयाँको नाममा जनमत रास्वपातिर ढल्कने देखिएपछि कांग्रेस झस्किएको हो। कांग्रेसमा निर्वाचनको कमाण्ड सम्हालिरहेका उपसभापति विश्वप्रकाश शर्माले बुधबार दाङ पुगेर रास्वपालाई कुनै पनि हालतमा मत नदिन आग्रह गरे। '०६४ को चुनावमा नेपाली कांग्रेस दोस्रो दल बन्यो, चार वर्ष खेर गयो तर देशले नयाँ संविधान पाएन। संविधानसभाको दोस्रो निर्वाचन ०७० बाट कांग्रेस पहिलो दल बन्यो, दुई वर्षभित्रै देशले संविधान पायो,' शर्माले भने, 'आज नेपाली मतदाताले गम्भीर भएर निर्णय लिनुछ - ०६४ मा झैं गल्ती गर्ने कि ०७० माझझैं विवेक पुऱ्याउने ? किनकि मुल प्रश्न कुन दलले जित्ने भन्ने होईन, मुल प्रश्न बिषम परिस्थितिबाट देशलाई नवीन निकासमा कसले पुऱ्याउन सक्छ भन्ने हो।'

२०६४ मा माओवादी राजनीतिको मुलधारमा आइपुगेको थियो। त्यतिबेला नयाँ भन्दै मतदाताले माओवादीको पक्षमा मत जाहेर गरेको थियो। अहिले ठीक त्यस्तै माहोल बनेको छ रास्वपाको पक्षमा। जसले गर्दा प्रमुख दल बन्ने दौडमा रहेको कांग्रेस झस्किएको छ।

बुधबार कांग्रेसले आफ्नो प्रचार रणनीति बनाउन भन्दै विज्ञहरूसँग छलफल गरेको थियो। उक्त छलफलमा कांग्रेस प्रवक्ता देवराज चालिसेले रास्वपाका वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह प्रायोजित पात्र भएको दाबी गरे। 'रवि लामिछाने र बालेनको मिलन प्रायोजित हो। रहरले गठबन्धन गरेका होइनन्। यो गराइएको गठबन्धन हो,' प्रवक्ता चालिसेले भने। यसअघि कांग्रेसले बालेनलाई जर्मनका नाजी शासक हिटलरसँग दाँजेका थिए।

अहिले नयाँको नाममा रास्वपाप्रति आकर्षण बढेको तर रास्वपाले एउटै उम्मेदवारबाट तीन करोड रूपैयाँसम्म असुलेको कांग्रेसले जनाएको छ। 'एकै उम्मेदवारबाट करोडौ असुलेका छन्। भोलि यिनीहरूले देश कहाँ बेच्लान् ?' उनले प्रश्न गरे।

नयाँलाई मत दिनुपर्छ भन्ने ट्रेन्डले धेरैको मानवअधिकार हनन भएको कांग्रेसको दाबी छ। कांग्रेस सभापति गगन थापाले भने अहिले कुनै दल नयाँ भए त्यो कांग्रेस भएको दाबी गर्दै आएका छन्। जेन-जी विद्रोहपछि कांग्रेसमा नयाँ नेतृत्व आएको र त्यो माघ १ गतेमात्र आएको थापाको तर्क छ।

⏭ क्रमशः पृष्ठ २ मा

# बदर मत घटाउन जुक्ति खियाउँदै आयोग

- बदर मत बढी हुने प्रवृत्ति लोकतान्त्रिक सहभागिताका दृष्टिले चिन्ताजनक
- डिजिटल मतदाता शिक्षालाई प्रभावकारी बनाउँदै निर्वाचन आयोग
- टोलटोल, सामुदायिक विद्यालय र सामूहिक भेलामार्फत पनि मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने



**बदर मत कहिले कति ?**

- २०७० संविधानसभा निर्वाचनः ४.९६ प्रतिशत
- २०७४ प्रतिनिधिसभा निर्वाचनः ५.१६ प्रतिशत
- २०७९ प्रतिनिधिसभा निर्वाचनः ५.१९ प्रतिशत
- २०८२ राष्ट्रिय सभा निर्वाचनः ४.८३ प्रतिशत



पछिल्ला तीनवटा निर्वाचनको बदर मत प्रतिशत हेर्दा बढेको देखिन्छ। यसपटक त्यस्तो नहोस् भन्नका खातिर आयोग गम्भीर छ र डिजिटल साक्षरता कार्यक्रमलाई सञ्चालन गर्न खोजिरहेका छौं।

**■ सीता श्रीस पुन**
सहायक प्रवक्ता, निर्वाचन आयोग

**■ जेबी योञ्जन**

**काठमाडौं–** हरेक निर्वाचनमा बदर मतको प्रतिशत बढ्दै गएपछि निर्वाचन आयोगले यसपटक प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि डिजिटल मतदाता शिक्षालाई प्रभावकारी बनाउने भएको छ।

ग्रामीणमात्र नभई सहरी क्षेत्रमै पनि बदर मत बढ्न थालेपछि आयोगले डिजिटल सामग्री, स्वयंसेवक परिचालन र लक्षित सन्देशमार्फत बदर मत घटाउने रणनीति अपनाएको हो।

आयोगले सोमबार मतदाता शिक्षा विशेष कार्यक्रम स्वीकृत गरेसँगै आगामी ३ फागुनदेखि १७ गतेसम्म देशभरका नगरपालिका तथा गाउँपालिकाका छ हजार ७४३ वडामा एक/एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गर्ने निर्णय गरेको छ। आयोगकी सहायक प्रवक्ता सीता श्रीस पुनका अनुसार स्वयंसेवकहरूले घरघर पुगेर मतदान प्रक्रिया, मतपत्र प्रयोग र बदर नहुनेगरी छाप लगाउने तरिकाबारे व्यावहारिक शिक्षा दिने छन्।

यसपटक आयोगले कागजी सामग्रीमामात्र सीमित नरही सामाजिक सञ्जाल, भिडियो सामग्री र अन्य डिजिटल प्लेटफर्ममार्फत मतदाता शिक्षालाई विस्तार गर्ने भएको छ।

२०७० को संविधानसभा २०७४ र २०७९ को प्रतिनिधिसभा निर्वाचनमा बदर मत निरन्तर बढेको आयोगको तथ्यांकले देखाउँछ। आयोगका अनुसार २०७९ को निर्वाचनमा ५.१९ प्रतिशत मत बदर भएको थियो, २०४८ यता भएका निर्वाचनमध्ये सबैभन्दा धेरै बदर मत हो। सबैभन्दा कम बदर भने २०५६ सालमा २.७५ प्रतिशतमात्रै भएको थियो।

२०७० सालमा ४.९६ प्रतिशत मत बदर भएको थियो। २०७४ सालमा ५.१६ प्रतिशत मत बदर भएको देखिन्छ। २०७९ सालमा भने बदर मत ५.१९ प्रतिशत पुगेपछि आयोग चिन्तित छ।

बदर मत बढी हुने प्रवृत्ति लोकतान्त्रिक सहभागिताका दृष्टिले चिन्ताजनक भएकाले बदर मत घटाउन लक्षित कार्यक्रम आवश्यक भएको आयोगकी सहायक प्रवक्ता पुनले बताइन्। 'हरेक मतदाताले आफूले चाहेका उम्मेदवारलाई हालेको मत सदर हुनुपर्छ तर विभिन्न कारणले बदर हुन्छ,' उनले प्रभावसँग भनिन्, 'पछिल्ला तीनवटा निर्वाचनको बदर मत प्रतिशत हेर्दा बढेको देखियो। यसपटक त्यस्तो नहोस् भन्नका खातिर आयोग गम्भीर छ र डिजिटल साक्षरता कार्यक्रमलाई सञ्चालन गर्न खोजिरहेका छौं।'

गत राष्ट्रिय सभा निर्वाचनमा स्थानीय तह र प्रदेश संसद्का जनप्रतिनिधिहरू मतदाता हुँदा पनि ४.८३ प्रतिशत मत बदर भएको थियो। अर्थात् एक हजार ९२४ मतदातामध्ये ९३ जना मतदाताको मत बदर भएको थियो। यो जनप्रतिनिधि नै सदर मत हुनेगरी मतदान गर्न अक्षम भएको दृष्टान्त हो। त्यसो हुँदा आम सर्वसाधरण मतदाताको मत बदर हुनुलाई अस्वाभाविक होइन।'

आयोगका सूचना अधिकारी समुन घिमिरेका आयोगका अनुसार बदर मत ज्ञानको अभावका कारण मात्र नभई कतिपय अवस्थामा जानाजान बदर गर्ने प्रवृत्ति पनि देखिन्छ। खासगरी सहरी क्षेत्रमा उम्मेदवारप्रति असन्तुष्टि, गठबन्धनका कारण आफूले चाहेको दलका उम्मेदवारलाई मत दिन नपाउनुजस्ता कारणले मत बदर गरिने गरेको पाइएको छ।

यही कारण यसपटक मतदाता शिक्षामा 'आशययुक्त रूपमा मत बदर नगर्नुहोस्' भन्ने सन्देशलाई विशेष रूपमा समेटिने आयोगले जनाएको छ। मतदातालाई मत बदर गर्नु असन्तुष्टि व्यक्त गर्ने माध्यम होइन भन्ने सन्देश पनि डिजिटल सामग्रीमार्फत प्रवाह गरिने तयारी छ।

विगतका निर्वाचनहरूमा बाँके, रोल्पा, सल्यान र जाजरकोटजस्ता जिल्लामा सातदेखि नौ प्रतिशतसम्म मत बदर भएकाले ती क्षेत्रमा लक्षितरूपमा थप मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने आयोगले जानकारी दिएको छ। कम बदर हुने मनाङ, मुस्ताङ, हुम्ला र भक्तपुरजस्ता जिल्लाको अभ्यासलाई पनि सिकाइका रूपमा उपयोग गर्ने आयोगको योजना छ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# अन्योलमा सीपमूलक तालिम, एक महिना बित्दा पनि बनेन प्रतिवेदन

- तालिममाथि प्रश्न उठेपछि बाँकी प्रक्रिया रोकियो
- श्रम मन्त्रालयको छानबिन समितिले गरेको अध्ययनले तालिमका विभिन्न समस्याहरु औंल्याउँदै सुधारको सुझाव दिएको थियो
- सीपमूलक तालिमका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरीपछि मन्त्रालयबाट छानबिन



एउटा उपसमिति बनेको थियो। त्यसका प्रायः सदस्यहरु चुनावका कारण उपत्यकाबाहिर हुनुहुन्छ। प्रतिवेदनको काम सुरू भएको छैन। निर्वाचन अगाडि केही हुँदैन। हुने भयो भने निर्वाचन पछाडिमात्रै। चुनावपछि बोर्ड बैठकले के भन्छ त्यहीअनुसार हुन्छ।

**■ डा. द्वारिका उप्रेती**
कार्यकारी निर्देशक
वैदेशिक रोजगार बोर्ड

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीमा जानेहरूलाई वैदेशिक रोजगार बोर्डले यस वर्ष दिने भनेको सीपमूलक तालिम अन्योलमा परेको छ। चालु आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गर्ने भनिएको तालिममाथि प्रश्न उठेपछि बाँकी प्रक्रिया अगाडि बढ्न पाएको छैन।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको छानबिन समितिले गरेको अध्ययनले तालिमका विभिन्न समस्याहरू औंल्याउँदै सुधारको सुझाव दिएको थियो। जसपश्चात् गत पुस २० गते बसेको बोर्ड बैठकबाट सो कार्यक्रम अर्को निर्णय नहुञ्जेसम्मका लागि स्थगित भएको घोषणा गरिएको थियो। उक्त बैठकले बोर्डका सात जना सदस्य रहनेगरी उपसमिति बनाएर १५ दिनभित्र प्रतिवेदन बुझाउन भनेको थियो। तर एक महिना बितिसम्दा पनि प्रतिवेदनको कुनै केही काम अगाडि नबढेको बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बताए।

'एउटा उपसमिति बनेको थियो। त्यसका प्रायः सदस्यहरू चुनावका कारण उपत्यकाबाहिर हुनुहुन्छ। प्रतिवेदनको काम सुरु भएको छैन,' उनले भने, 'निर्वाचन अगाडि केही हुँदैन। हुने भयो भने निर्वाचन पछाडिमात्रै। चुनावपछि बोर्ड बैठकले के भन्छ त्यहीअनुसार हुन्छ।' सीपमूलक तालिमका विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी पर्नुका साथै बोर्डकै सदस्यले प्रश्न उठाएपछि श्रम मन्त्रालयको छानविन समितिले अध्ययन गरेको थियो।

⏭ क्रमशः पृष्ठ २ मा

## होडानको अध्यक्षमा पुनः पुर्बे

**काठमाडौं (प्रस)–** स्वस्थ्य संस्था सञ्चालक संघ नेपाल (होडान) को प्रथम साधरणसभा सम्पन्न भएको छ। बुधबार एक कार्यक्रमकाबीच आयोजित साधारणसभाबाट पुनः मदनकुमार पुर्बेको अध्यक्षतामा नयाँ कार्यसमिति गठन भएको छ।



संस्थाको उपाध्यक्षमा रामहरी थापा, महासचिवमा रघुनाथ पनेरू, कोषाध्यक्ष पुजा चौधरी चयन भएका छन्। त्यसैगरी खिमराज अधिकारी, अञ्जली रोक्का, लक्ष्मी नारायण उपाध्याय, राजेन्द्र चौधरी र कृष्ण अधिकारी सदस्यमा चयन भएका छन्।

कार्यक्रममा शुभकामना मन्तव्य राख्दै सल्लाहकार शमशेर नेपालीले होडानले छ महिनामा उल्लेख्य काम गरेको दाबी गरे। राज्य र सरोकारवाला संस्थाले होडान बुझ्केोमा आफूलाई गर्व लागेको उनको भनाइ थियो। त्यस्तै सोमराज लिम्बूले राज्यले सबै व्यवसायीलाई समान व्यवहार गर्नुपर्ने बताए।

## सरकारको नीतिः भ्रष्टाचारमा शून्य सहनशीलता, अख्तियार भन्छ- राज्यकै निकायबाट असहयोग



**■ प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले भ्रष्टाचार न्यूनीकरण नभएकोमा चिन्ता प्रकट गरेकी छन्। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले राम्रो काम गर्दागर्दै पनि भ्रष्टाचार न्यूनीकरण नभएको भन्दै उनले चिन्ता प्रकट गरेकी हुन्।

'भ्रष्टाचार नियन्त्रण गर्न हामीकहाँ पर्याप्त संरचना छन्। पर्याप्त कानुनी र नीतिगत व्यवस्था छन्,' उनले आयोगको ३५औं स्थापना दिवसमा बुधबार भनिन्, 'तर, हामीकहाँ किन भ्रष्टाचार कम भइरहेको छैन भन्ने कुरा चिन्ताजनक छ।'

अख्तियारकै भूमिकाले कर्मचारीतन्त्र भने थर्कमान बनेको उनको भनाइ छ। 'अख्तियारले गर्ने कारबाहीका कारण प्रत्येक कर्मचारी

⏭ क्रमशः पृष्ठ २ मा

भ्रष्टाचार नियन्त्रण गर्न हामीकहाँ पर्याप्त संरचना छन्। पर्याप्त कानुनी र नीतिगत व्यवस्था छन्। तर, हामीकहाँ किन भ्रष्टाचार कम भइरहेको छैन भन्ने कुरा चिन्ताजनक छ।

**■ सुशीला कार्की**
प्रधानमन्त्री

पहिले बिचौलियाहरु सरकारी कार्यालयका झ्यालमा साना कामका लागि सहजीकरण गर्थे। तर अहिले बजेट निर्माण, योजना छनोट, महत्त्वपूर्ण निकायमा नियुक्ति, सरूवा र बढुवामा उनीहरुकै बोलवाला चल्छ।

**■ प्रेमकुमार राई**
प्रमुख आयुक्त, अख्तियार दुरूपयोग अनुसन्धान आयोग

### सुशासन र पारदर्शिता अनिवार्यः राष्ट्रपति

राष्ट्रपति रामचन्द्र पौडेलले सुशासन र पारदर्शिताविना लोकतन्त्रको प्रतिफल जनताका घरदैलोमा नपुग्ने बताएका छन्। सुशासनमार्फत मात्रै देशको समृद्धि हुने र त्यो जेन-जी विद्रोहमा प्रकट भएको पनि उनले उल्लेख गरे।

'जनताको ठूलो त्याग, बलिदान र संघर्षबाट जनता आफैंले बनाएको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्र हामीले प्राप्त गरेका छौं, सहज र सरल तरिकाले जनतामा सेवा प्रवाह

⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

## बदर मत...

आयोगले टोलटोल, सामुदायिक विद्यालय र सामूहिक भेलामार्फत पनि मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । आयोगका अनुसार विद्यार्थीमार्फत अभिभावकसम्म सही मतदानसम्बन्धी जानकारी पुऱ्याउने रणनीति पनि अपनाइने छ । साथै, मतदान प्रक्रिया, गोप्य मतदानको महत्त्व, निर्वाचन आचारसंहिता तथा गलत र भ्रामक सूचनाबाट बच्ने उपायबारे पनि जानकारी दिइने आयोगले जनाएको छ ।

■■■

## रास्वपाविरूद्ध...

तर जनमत रास्वपाको पछि दौडिएकोप्रति संकेत गर्दै कांग्रेस प्रवक्ता चालिसेले भने, 'यहाँ मतदानमा पनि नयाँ र पुरानोको भाष्य बनाइएको छ । यो मानव स्वतन्त्रताको कुरा हो हामीमाथि अटचाक हुँदै छ । हामीले यसबारे बुझेर रणनीति बनाउनुपर्छ ।'

कांग्रेसले अहिले भिजन १० लक्ष्यका साथ घोषणापत्र बनाइरहेको छ । सभापति थापाको नेतृत्वमा बनिरहेको घोषणापत्र कहिले आउँछ त ? 'फागुन २ गतेसम्ममा आउँछ,' प्रवक्ता चालिसेले भने । यद्यपि कांग्रेसले रास्वपाले ल्याएपछिमात्र घोषणापत्र ल्याउने तयारी गरेको बताइएको छ । निर्वाचन आयोगले फागुन ३ गतेभित्र घोषणापत्र ल्याउन निर्देशन दिएपछि कांग्रेस दबाबमा परेको देखिन्छ । रास्वपा र कांग्रेसको एकअर्काको घोषणापत्र चोरी हुने आशंका गरेको देखिन्छ । यसैले पनि कांग्रेसले फागुन ३ मामात्र घोषणापत्र जारी गर्ने तयारी गरेको बताइएको छ ।

### धमाधम योजना प्रस्तुत गर्दै गगन

कांग्रेस सभापति गगन थापाले प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा आफ्नो दलले घोषणापत्रमा समेट्ने विषय भिडियोमार्फत धमाधम सार्वजनिक गर्न थालेका छन् । बुधबारमात्र थापाले सार्वजनिक सेवा सुधारको एजेन्डालाई अगाडि सारेका छन् ।

उनले नापी, मालपोत, पासपोर्ट, लाइसेन्स र विश्वविद्यालयका प्रमाणपत्र लिन जाँदा लामो लाइन बस्नुपर्ने अवस्था अझै रहेको भन्दै कागजात मिलेन भनेर फर्किनु पर्ने र कहिलेकाहीँ अतिरिक्त शुल्क तिर्नु पर्ने अनुभव धेरै नागरिकसँग रहेको बताए ।

केही सुधार भए पनि समग्र प्रणाली अझै झन्झटपूर्ण रहेको उल्लेख गर्दै उनले यो विषयमा आफ्नो नेतृत्वमा सुधार गर्ने दाबी प्रस्तुत गरे । 'नागरिकले सेवा लिन सरकारी ढोका धाउन नपरोस् । सरकार नै नागरिकको घरदैलोमा पुग्नुपर्छ । जानै परे पनि एकपटक मात्र जानुपर्ने व्यवस्था होस् । सेवा लिएर फर्किंदा 'धिक्कार सरकार' होइन 'धन्यवाद सरकार' भन्न सक्ने वातावरण बनाउने हाम्रो लक्ष्य छ,' थापाले भने ।

उनले डिजिटल पूर्वाधारमा तीव्र लगानी गर्ने योजना प्रस्तुत गरेका छन् । निजी क्षेत्रलाई पनि खुला गर्दै संघ, प्रदेश र स्थानीय सरकार एउटै दृष्टिकोणमा काम गर्ने वातावरण बनाउने उनले बताए । 'वान सिटिजन वान आइडी' सिद्धान्त लागू गर्दै राष्ट्रिय परिचयपत्रबाट प्रमाणीकरण गरिने उनले बताए । सरकारी डेटा एक्सचेञ्ज प्लेटफर्ममार्फत सबै प्रणालीबीच अन्तरसञ्चालन सुनिश्चित गरिने उनले उल्लेख गरे ।

'वन्स ओन्ली' सिद्धान्तमार्फत एकपटक बुझाएको विवरण पुन: दोहोऱ्याउन नपर्ने व्यवस्था गरिने योजनाबारे उनले स्पष्ट पारे । सरकारी कागजात डिजिटलरूपमा प्रयोग गर्न कानुनी व्यवस्था गर्ने उनको योजना छ । यसअघि थापाले स्वास्थ्य बिमा सुधारेर ल्याउने संकल्पसमेत प्रस्तुत गरेका थिए ।

■■■

## अन्योलमा...

उनीहरूले रोजगारीमा जाने श्रमिकको तालिम सञ्चालन गर्दै आएका संस्थाहरूले वैदेशिक रोजगार ऐन २०६४ र यसको नियमावली, सार्वजनिक खरिद ऐन तथा सार्वजनिक नियमावलीमा भएका प्रावधानहरू उल्लंघन गर्दै अवैधानिकरूपमा प्रक्रिया अगाडि बढाएको भन्दै स्थगीत गरी छानबिन अघि बढाउन माग गरेका थिए ।

मन्त्रालयले अध्ययन गरेपछि तालिमका विभिन्न समस्याहरू औंल्याउँदै सुधारका लागि १९ वटा सुझाव दिएको थियो । तालिममा देखिएका समस्याहरूमा पाठ्यक्रम स्वीकृति तथा तालिम प्रदायकको अनुगमन नभएको, वैदेशिक रोजगारीमा जाने व्यक्ति नै तालिममा सहभागी हुन्छ भन्ने सुनिश्चितता नभएको, तालिम प्रदान गर्ने सम्बन्धमा मन्यताप्राप्त संस्थासँग वार्ता नभएको, तालिम प्रदायक संस्था वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेम्स)मा आबद्ध नभएको, अधिकार प्राप्त सीमाभन्दा बढी रकम लागत अनुमान स्वीकृत गरेकोलगायत थिए ।

बोर्डले चालु आर्थिक वर्षमा सात हजार जनालाई ३९० घण्टाको तालिम दिने जानकारी दिएको थियो । जसका लागि २५ करोड रूपैयाँ विनियोजन गरिएको छ । सो तालिमका लागि गतपुस ११ गते प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिएको थियो । अघिल्लो तालिमजस्तै यसपटक पनि तालिमप्रदायक संस्थाको छनोटमा मिलेमतो भएको आरोप लागेपछि प्रक्रिया अघि नबढेको हो ।

वैदेशिक रोजगारीमा जाने व्यक्तिले कल्लयाणकारी कोषमा जम्मा गरेको रकमबाट बोर्डले सेवा दिँदै आएको छ । विगत तीन वर्षदेखि बोर्डबाट तालिम सञ्चालन हुँदै आएको छ । जसमा हलसम्म ७० देखि ७५ करोड रूपैयाँ खर्च भइसकेको बताइन्छ । अघिल्लो आव २०८१/८२ मा झण्डै २० हजार जनालाई तालिम दिएको थियो । जसमा ४० करोड रूपैयाँभन्दा बढी खर्च भएको बोर्डको भनाइ छ । आव २०८०/८१ मा भने पाँच हजार जनाले तालिम लिएका थिए ।

वैदेशिक रोजगारीमा जानेलाई सीपयुक्त बनाउन तथा आन्तरिक रोजगारी सिर्जना गर्न तालिम सञ्चालन गरिएको बोर्डको दाबी छ । वैदेशिक रोजगारीमा गएर फर्किएका व्यक्ति, उनीहरूका परिवार र वैदेशिक रोजगारीमा जान इच्छुकहरू तालिममा सहभागी हुँदै आएका छन् ।

■■■

## सरकारको नीति....

र राष्ट्रसेवक पदाधिकारी एक प्रकारको डर अवश्य पैदा भएको छ,' उनले भनिन् । उनका अनुसार सरकारले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिएको छ । त्यसकै आधारमा भ्रष्टाचारविरुद्धको दोस्रो रणनीतिक योजना निर्माणको अन्तिम चरणमा पुगेको प्रधानमन्त्री कार्कीले बताइन् ।

आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले देशमा शक्तिशाली बिचौलिया रहेको भन्दै गम्भीर चिन्ता व्यक्त गरेका छन् । विगतमा सरकारी कार्यालयको 'फ्रन्ट डेस्क'मा मा स-साना काममामात्र सीमित रहने बिचौलिया अहिले नीतिगत तहदेखि सरकार ढाल्ने र बनाउनेसम्मको खेलमा निर्णायक बन्न थालेको बताए । उनका अनुसार राज्यका हरेक संयन्त्र बिचौलियाको नियन्त्रणमा पुग्ने खतरा बढेको छ ।

बितेका १० वर्षमा बिचौलियाको स्वरूप र शक्ति अकल्पनीयरूपमा बदलिएको स्वीकार्दै उनले भने, 'पहिले बिचौलियाहरू सरकारी कार्यालयका झ्यालमा साना कामका लागि सहजीकरण गर्थे । तर अहिले बजेट निर्माण, योजना छनोट, महत्त्वपूर्ण निकायमा नियुक्ति, सरुवा र बढुवामा उनीहरूकै बोलवाला चल्छ ।'

बिचौलियाहरू मन्त्री फेर्नेदेखि सरकार परिवर्तन गर्ने हैसियतमा पुगेको भन्दै शासन सत्तामा भयावह स्थिति आउने चेतावनी दिए । 'बिचौलियाहरूले सरकार र राज्यका सबै निकायलाई आफ्नो नियन्त्रणमा लिएर आफ्नै इशारामा चलाउन थालेका छन्, राज्य सञ्चालकहरूले यस्ता बिचौलियालाई निषेध गर्न नसके सुशासन केवल एउटा खोक्रो नारामा सीमित हुने छ ।'

भ्रष्टाचार नियन्त्रणमा राज्यकै निकायबाट असहयोग हुने गरेको भन्दै उनले रोष प्रकट गरेका छन् । प्रमाण लुकाउने, अधुरो विवरण दिने, प्रतिविधिको दुरूपयोग गरेर असहयोग गर्ने गरेको उनले बताए । चालु आर्थिक वर्षको सात महिनामा आयोगले ९४ वटा भ्रष्टाचारका मुद्दा विशेष अदालतमा दायर गरेको तर नीतिगत भ्रष्टाचार र ठूला सेटिङमा हुने चलखेलले सुशासनको मार्गमा चुनौती थपिदिएको बताए ।

■■■

## सुशासन...

तथा सुशासनमार्फत देशको समृद्धि नै हाम्रो संविधान र लोकतान्त्रिक गणतन्त्रले राखेको अभिष्ट हो,' उनले भने, 'त्यो जेन-जी विद्रोहमा पनि प्रकट भयो ।'

भ्रष्टाचारले लोकतन्त्रको आधारभूत मूल्यलाई क्षति पुऱ्याउने पनि उनले बताए । त्यही भएर भ्रष्टाचार नियन्त्रणमा दृढ राजनीतिक प्रतिबद्धता पहिलो सर्त रहेको बताएका छन् ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/१०/२९**

**लिंकेज टुर्स एण्ड ट्राभल्स प्रा. लि.** को मिति २०८२/१०/१२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **लिंकेज ट्राभल एण्ड ट्रेक्स प्रा. लि. (दर्ता नं. २७०३४२)** कायम गर्ने गरी मिति २०८२/१०/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### जापनमा रोजगारको अवसर

कम्पनी : HATTORI KOGYO K.K.

पूर्व स्वीकृति मिति : २०८२/१०/२८ | LT. No. 338809 | चलानी नं. ६०२५२२९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Metal Worker | 2 | 0 | 172800 | १६३,९८७ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः (क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्र प्रतिलिपि । (घ) प्रशिक्षार्थी कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको प्रमाणपत्र । (ङ) जापानी भाषा तथा संस्कृतिको सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाले सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धताको सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानुअघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला । द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन ७ गते (19th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Sulav Recruitment Pvt.Ltd. Govt. License No. 1336/074/075

Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com



### युएइमा रोजगार

कम्पनी : SECURIGUARD MIDDLE EAST - L.L.C - O.P.C

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२६ | LT. No. 331931 | चलानी नं. ६०२४५६५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard (psbd) | 175 | 25 | 2000 | ७८,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः Basundhara Banquet, काठमाडौंमा मितिः २०८२ फागुन ३ गते (15th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.lic.no. 1777/082/083

I.M.G. Nepal Pvt.Ltd.

Lalitpur Metropolitian City-13,EKANTAKUNA, LALITPUR,
Ph. No: +977-015415570, 9851336077, 9851065124, 9767488184/9801166991, E-mail : imgnepal2@gmail.com,



### साउदीमा रोजगार

कम्पनी : BRIGHT WHITE CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०१/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२८ | LT. No. 322540 | चलानी नं. ६०२३६७५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 1 | 0 | 1000 | ३८,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन ७ गते (19th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HARMAIN H.R. PVT. LTD. Govt.Lic. No 1160/073/74

Sinamangal-9, Kathmandu, Nepal, T: 01-4584810
Email:- info@alharmainhr.com.np, Web: www.alharmain.com.np



### भागेश्वर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

**बगरकोट, डडेल्धुरा**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/१०/२९**

यस कार्यालयबाट तपसिलमा उल्लेखित खरिद कार्यका लागि मिति २०८२/०९/२० गते प्रकाशित सुचना अनूसार तोकिएको समय भित्र पेश हून आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सुचना सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| S.N. | Contract Identification No. | Description Of Works | Bidder Name and Address | Bid Price (Excluding VAT & PS NRs.) |
|---|---|---|---|---|
| 1 | BRM/DAD/NCB/Works/2082-083/07 | Upgrading & New Cutting of Ward No. 01 Roads | S. Engineering Consult and Construction Company | 21,97,969.50 |
| 2 | BRM/DAD/NCB/Works/2082-083/08 | Upgrading & New Cutting of Ward No. 02 Roads | Bhupendra Nirman Sewa Pvt. Ltd. | 20,71,739.25 |

**प्रमुख प्रशासकिय अधिकृत**


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बिहीबार, २९ माघ, २०८२**

| | |
|---|---|
| **मेष** | स्वास्थ्यमा उतारचढाव हुनेछ । |
| **वृष** | नयाँ मित्र बन्ने योग रहेको छ । |
| **मिथुन** | यात्रामा सफलता मिल्नेछ । |
| **कर्कट** | अनावश्यक खर्च बढ्नेछ । |
| **सिंह** | पारिवारिक सुख प्राप्त हुनेछ । |
| **कन्या** | व्यापारमा लाभ मिल्नेछ । |
| **तुला** | बौद्धिकतामा वृद्धि हुनेछ । |
| **वृश्चिक** | चोटपटकको सम्भावना रहेको छ । |
| **धनु** | पराक्रम बढ्नेछ । । |
| **मकर** | धन लाभ हुनेछ । |
| **कुम्भ** | सामाजिक प्रतिष्ठा बढ्नेछ । |
| **मीन** | धार्मिक कार्यमा रुचि बढ्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२९ माघ, २०८२ (१२ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४४.९२ | १४५.५२ |
| युरो | १ को | १७१.९३ | १७२.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १९७.३१ | १९८.१३ |
| स्विस फ्रैन्क | १ को | १८७.७९ | १८८.५७ |
| अस्ट्रेलियन डलर | १ को | १०१.८० | १०२.२२ |
| क्यानाडियन डलर | १ को | १०६.२० | १०६.६४ |
| सिङगापुर डलर | १ को | ११४.१४ | ११४.६१ |
| जापानी येन | १० को | ९.२६ | ९.२९ |
| चिनियाँ युआन | १ को | २०.९३ | २१.०२ |
| साउदी अरब रियाल | १ को | ३८.६४ | ३८.८० |
| कतारी रियाल | १ को | ३९.६५ | ३९.८१ |
| थाई भाट | ख १ को | ४.६४ | ४.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.४५ | ३९.६२ |
| मलेसियन रिङेट | १ को | ३६.८३ | ३६.९९ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९२ |
| स्विडिस क्रोनर | १ को | १६.११ | १६.१८ |
| डेनिस क्रोनर | १ को | २३.०२ | २३.११ |
| हङकङ डलर | १ को | १८.५४ | १८.६२ |
| कुवेती दिनार | १ को | ४७४.३७ | ४७६.३३ |
| बहराइन दिनार | १ को | ३८४.४० | ३८५.९९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# काठमाडौंको वायु प्रदूषण अझै अस्वस्थ

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यकाको वायु प्रदूषण बुधबार पनि अस्वस्थको तहमा पुगेको छ । 'एयर क्वालिटी इण्डेक्स (एक्युआई)अनुसार बुधबार मध्याह्नसम्म काठमाडौं उपत्यकाको वायु प्रदूषण १९२ एक्युआई मापन गरिएको थियो ।आइतबार काठमाडौं उपत्यकाको वायु प्रदूषण १७५ एक्युआई मापन गरिएको थियो । प्रदूषण बढेर मंगलबार १९२ एक्युआई मापन गरिएको थियो ।

विभागका महानिर्देशक ज्ञानराज सुवेदीले लामो समयदेखि वर्षा नहुँदा र हावा नचल्दा वायुमण्डलमा प्रदूषकतत्व थुप्रिँदै गएको बताए । 'उपत्यका कचौरा आकारको छ, हावा नचल्दा र वर्षा नहुँदा यहाँको प्रदूषण अनेत्र जान पनि सक्दैन । धुवाँधुलो हावामा तैरिएर बसिरहेको हुन्छ,' उनले भने, 'साथै उद्योग, कलकारखाना सञ्चालन र तीव्र गतिमा भइरहेका विकास निर्माणका गतिविधिले पनि प्रदूषण बढाउन भूमिका खेलेका छन् । यिनै औद्योगिक धुवाँधुलो, सीमापार (क्रस-बोर्डर) बाट भित्रिने प्रदूषणले हावाको गुणस्तरमा असर पारेको हो ।'

वर्षा नभएसम्म प्रदूषणको मात्रा अझै वृद्धि हुनसक्ने उनको भनाइ छ । साथै, दिगो र वातावरणमैत्री विकासका उपाय अवलम्बन गर्न सम्बन्धित निकायलाई सुझाव दिइएको उनले बताए । बुधबार काठमाडौं विश्वका सबैभन्दा प्रदूषित सहरमध्ये आठौं स्थानमा सूचीकृत भएको छ । विश्वकै सबैभन्दा प्रदूषित सहरको रूपमा भारतको नयाँदिल्ली सूचीकृत भएको छ । जहाँ वायु प्रदूषण २४७ एक्युआई मापन गरिएको थियो ।

विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेतीका अनुसार शून्यदेखि ५० एक्युआई राम्रो (हरियो संकेत), ५१ देखि १०० सम्म सचेत रहनुपर्ने (पहेँलो संकेत) मानिन्छ । त्यस्तै, १०१ देखि १५० एक्युआई अस्वस्थ मानिन्छ, जसले श्वासप्रश्वास र मुटुरोगी बिरामीलाई असर गर्छ । १५१ देखि २०० एक्युआई सबैका लागि अस्वस्थ, २०१ देखि ३०० एक्युआई धेरै अस्वस्थ तथा ३०० भन्दा माथि पुगेको अवस्था अत्यन्तै खतरनाक मानिन्छ ।

काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ अनुसार नेपाल सरकारले एक्युआई ३०० भन्दा बढी पुगेको अवस्थालाई विपद् मान्ने व्यवस्था गरेको छ । यस्तो विपद् न्यूनीकरणका लागि फोहर बाल्ने कार्य रोक्ने, सडक सफाइका लागि ब्रुमर तथा भ्याकुमको प्रयोग बढाउने, बालबालिका, ज्येष्ठ नागरिक र बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्ने व्यवस्था कार्ययोजनामा उल्लेख छ ।

राष्ट्रिय वातावरण नीति, २०७६ अनुसार वायु प्रदूषण न्यूनीकरणका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्, चुम्बकीय तरंग, रेडियोधर्मी विकीरण तथा जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गर्ने सरकारी रणनीति रहेको छ । साथै प्रमुख सहर, औद्योगिक क्षेत्र तथा प्रदूषणको जोखिम रहेका स्थानमा गुणस्तर मापन केन्द्र स्थापना गरी वायु, जल र ध्वनि गुणस्तरको नक्सांकन गरिने उल्लेख गरिएको छ ।

# मतदाता शिक्षा अनुगमनमा खटिनेलाई अभिमुखीकरण

**काठमाडौं (प्रस)–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत मतदाता शिक्षाका लागि काठमाडौंका ११ वटै स्थानीय तहमा खटिने अनुगमनकर्तालाई बुधबार अभिमुखीकरण गरिएको छ ।

जिल्ला निर्वाचन कार्यालय काठमाडौंले आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा अनुगमनकर्ताको काम, कर्तव्य र गर्नुपर्ने कामका विषयमा प्रशिक्षित गरिएको थियो । संघीय राजधानी काठमाडौंका ११ वटै स्थानीय तहका सबै वडामा खटिने मतदाता शिक्षा स्वयंसेवकका लागि फागुन १ गते अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको निर्वाचन कार्यालय काठमाडौंकी सूचना अधिकारी सृजना रायमाझीले जानकारी दिइन् ।

अन्य जिल्लाका स्थानीय तहमा खटिने मतदाता शिक्षा अनुगमनकर्ता र वडामा खटिने स्वयंसेवकलाई पनि बुधबारदेखि नै अभिमुखीकरण सुरु गरिएको निर्वाचन आयोगले जनाएको छ ।

फागुन ३ गतेदेखि १७ गतेसम्म देशभरका ७५३ स्थानीय तहका छ हजार ७४३ वटै वडामा मतदाता शिक्षा स्वयंसेवक खटाउन आयोगले ७७ वटै जिल्लाका निर्वाचन कार्यालयलाई पत्राचार गरिसकेको छ । स्वयंसेवकले दिने मतदाताका शिक्षाका बारेमा प्रत्येक स्थानीय तहमा खटाइएका अनुगमनकर्ताले अनुगमन गर्ने जनाइएको छ ।


## माइग्रेसन हराएको सूचना

मिति २०८२/०९/१६ गते काठमाडौं, चावहिलदेखि नयाँ बानेश्वरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+2) तहको माईग्रेसन सर्टिफिकेट हराएको हुदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : प्रशिद्ध राई**
**रजिस्ट्रेसन.नं.:** ७९३२७३६६०११४
**सिम्बोल नं.:** २२७५००३७
**ठेगाना : जोरपाटी, काठमाडौं**
**सम्पर्क: :** ९८१८९६२४४८

## माइग्रेसन हरायो

**मिति २०८२/१०/१५ गते नयाँ बानेश्वर चोकदेखि पुरानो बानेश्वरतर्फ जाने क्रममा बिनोद पौडेलको CTEVT बोर्डको माइग्रेसन सर्टिफिकेट हराएको हुनाले फेला पर्नु हुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८५१३१५५१२ मा सम्पर्क गरिदिनुहोला ।**

CTEVT Registration
No.: **HA-833-004**
Symbol No.: **6948**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/२९ गते**

**हेल्थस्क्वायर बेलनेस डायग्नोष्टिक प्रा.लि.**को २०८२/०९/२५ मा सम्पन्न वार्षिक साधारण सभाको विशेष निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ८२/८३, च.नं. कम्पनी प्र./७१५५३, मिति २०८२/१०/०८ को निर्णयानुसार साविकको **हेल्थस्क्वायर बेलनेस डायग्नोष्टिक प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम क्लिनिकल डाईग्नोष्टिक एण्ड रिसर्च सेन्टर प्रा.लि. कम्पनीले सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन गर्न स्वीकृती प्राप्त भए बमोजिम यस कम्पनीको नाम **क्लिनिकल डाईग्नोष्टिक एण्ड रिसर्च सेन्टर प्रा.लि. (Clinical Diagnostic And Research Centre Pvt Ltd)** कायम गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति: २०८२/१०/२९**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कन्चनवारी, मोरङ्गबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गर्नु भएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीहरुलाई वि.सं. २०८२/०४/१२ को "आर्थिक दैनिक" राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कन्चनवारी, मोरङ्गमा दिउँसो १:०० गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

### तपसिल

**१. कर्जा शिर्षक : चालु पुँजी आवधिक कर्जा, आवधिक कर्जा, अटो कर्जा र अन्य कर्जा**

**ऋणी कम्पनीको नाम र ठेगाना**

**ऋणीको नाम : डेरी डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर प्रा. लि.**
रजिष्टर्ड ठेगाना : विराटनगर म.न.पा. वडा नं. ०१, मोरङ्ग
रजिष्ट्रेसन नं. : २०१७०३/०७५/०७६ (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ)
दर्ता मिति : वि.सं. २०७५/०७/१४
पान नं. : ६०६५५७३५१

**कम्पनीको संचालकहरुको नाम र ठेगाना**

**१. नाम : डम्बर बहादुर कार्की**
बाबु : सुर्य बहादुर कार्की
बाजे : हितमान सिंङ कार्की
पत्नी : मिथिला कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १५९३००७१।४१४३
जारी मिति : २०३७/१२/०५
प्रथम प्रतिलिपि मिति २०७१/१२/१०
जि.प्र.का. : मोरङ्ग

**२. नाम : मिथिला कार्की**
बाबु : योगराज बस्नेत
पति : डम्बर बहादुर कार्की
ससुरा : सुर्य बहादुर कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १।३९३३
जारी मिति: २०४५/०२/२९
प्रथम प्रतिलिपि मिति : २०७०/०३/२३
जि.प्र.का. : मोरङ्ग

**३. नाम : शेखर जंग कार्की**
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
पत्नी : सम्झना काफ्ले
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१७९
जारी मिति : २०६१/०१/१५
जि.प्र.का. : मोरङ्ग

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : सुमिता कार्की**
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१८४९
जारी मिति : २०६३/०३/०१
जि.प्र.का. : मोरङ्ग

**२. नाम : सम्झना काफ्ले**
बाबु : दुर्गा बहादुर काफ्ले
पति : शेखर जंग कार्की
ठेगाना : उर्लावारी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ६४७९।४०४६
जारी मिति : २०५९/०१/३१
जि.प्र.का. : मोरङ्ग, उर्लावारी

**३. नाम : सुस्मिता कार्की**
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।३०४
जारी मिति : २०६१/०२/२६
प्रथम प्रतिलिपि मिति : २०७२/०७/३०
जि.प्र.का. : मोरङ्ग

**२. कर्जा शिर्षक : सिटिजन्स वान डिस्ट्रिकट वान प्रोडक्ट आवधिक कर्जा, सिटिजन्स मोर्गेज अधिविकर्ष कर्जा र अन्य कर्जा**

**ऋणीको नाम र ठेगाना**

**नाम : मिथिला कार्की**
बाबु : योगराज बस्नेत
पति : डम्बर बहादुर कार्की
ससुरा : सुर्य बहादुर कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १।३९३३
जारी मिति: २०४५/०२/२९
प्रथम प्रतिलिपि मिति : २०७०/०३/२३
जि.प्र.का. : मोरङ्ग

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : डम्बर बहादुर कार्की**
बाबु : सुर्य बहादुर कार्की
बाजे : हितमान सिंङ कार्की
पत्नी : मिथिला कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १५९३००७१।४१४३
जारी मिति : २०३७/१२/०५
प्रथम प्रतिलिपि मिति २०७१/१२/१०
जि.प्र.का. : मोरङ्ग

**२. नाम : शेखर जंग कार्की**
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
पत्नी : सम्झना काफ्ले
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१७९
जारी मिति : २०६१/०१/१५
जि.प्र.का. : मोरङ्ग

**३. नाम : सम्झना काफ्ले**
बाबु : दुर्गा बहादुर काफ्ले
पति : शेखर जंग कार्की
ठेगाना : उर्लावारी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ६४७९।४०४६
जारी मिति : २०५९/०१/३१
जि.प्र.का. : मोरङ्ग, उर्लावारी

**३. कर्जा शिर्षक : सिटिजन्स वान डिस्ट्रिकट वान प्रोडक्ट आवधिक कर्जा, आवधिक कर्जा र अन्य कर्जा**

**ऋणीको नाम र ठेगाना**

**नाम : शेखर जंग कार्की**
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
पत्नी : सम्झना काफ्ले
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१७९
जारी मिति : २०६१/०१/१५
जि.प्र.का. : मोरङ्ग

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : डम्बर बहादुर कार्की**
बाबु : सुर्य बहादुर कार्की
बाजे : हितमान सिंङ कार्की
पत्नी : मिथिला कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १५९३००७१।४१४३
जारी मिति : २०३७/१२/०५
प्रथम प्रतिलिपि मिति २०७१/१२/१०
जि.प्र.का. : मोरङ्ग

**२. नाम : मिथिला कार्की**
बाबु : योगराज बस्नेत
पति : डम्बर बहादुर कार्की
ससुरा : सुर्य बहादुर कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १।३९३३
जारी मिति : २०४५/०२/२९
प्रथम प्रतिलिपि मिति : २०७०/०३/२३
जि.प्र.का. : मोरङ्ग

**३. नाम : सम्झना काफ्ले**
बाबु : दुर्गा बहादुर काफ्ले
पति : शेखर जंग कार्की
ठेगाना : उर्लावारी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ६४७९।४०४६
जारी मिति : २०५९/०१/३१
जि.प्र.का. : मोरङ्ग, उर्लावारी

**४. कर्जा शिर्षक : सिटिजन्स वान डिस्ट्रिकट वान प्रोडक्ट आवधिक कर्जा, र अन्य कर्जा**

**ऋणीको नाम र ठेगाना**

**नाम : सम्झना काफ्ले**
बाबु : दुर्गा बहादुर काफ्ले
पति : शेखर जंग कार्की
ठेगाना : उर्लावारी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ६४७९।४०४६
जारी मिति : २०५९/०१/३१
जि.प्र.का. : मोरङ्ग, उर्लावारी

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : डम्बर बहादुर कार्की**
बाबु : सुर्य बहादुर कार्की
बाजे : हितमान सिंङ कार्की
पत्नी : मिथिला कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १५९३००७१।४१४३
जारी मिति : २०३७/१२/०५
प्रथम प्रतिलिपि मिति २०७१/१२/१०
जि.प्र.का. : मोरङ्ग

**२. नाम : मिथिला कार्की**
बाबु : योगराज बस्नेत
पति : डम्बर बहादुर कार्की
ससुरा : सुर्य बहादुर कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १।३९३३
जारी मिति : २०४५/०२/२९
प्रथम प्रतिलिपि मिति : २०७०/०३/२३
जि.प्र.का. : मोरङ्ग

**३. नाम : शेखर जंग कार्की**
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
पत्नी : सम्झना काफ्ले
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१७९
जारी मिति : २०६१/०१/१५
जि.प्र.का. : मोरङ्ग

**५. कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा (जग्गा खरिद) र अन्य कर्जा**

**ऋणीको नाम र ठेगाना**

**नाम : सुस्मिता कार्की**
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।३०४
जारी मिति : २०६१/०२/२६
प्रथम प्रतिलिपि मिति : २०७२/०७/३०
जि.प्र.का. : मोरङ्ग

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : डम्बर बहादुर कार्की**
बाबु : सुर्य बहादुर कार्की
बाजे : हितमान सिंङ कार्की
पत्नी : मिथिला कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १५९३००७१।४१४३
जारी मिति : २०३७/१२/०५
प्रथम प्रतिलिपि मिति २०७१/१२/१०
जि.प्र.का. : मोरङ्ग

**२. नाम : मिथिला कार्की**
बाबु : योगराज बस्नेत
पति : डम्बर बहादुर कार्की
ससुरा : सुर्य बहादुर कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १।३९३३
जारी मिति : २०४५/०२/२९
प्रथम प्रतिलिपि मिति : २०७०/०३/२३
जि.प्र.का. : मोरङ्ग

**३. नाम : शेखर जंग कार्की**
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
पत्नी : सम्झना काफ्ले
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१७९
जारी मिति : २०६१/०१/१५
जि.प्र.का. : मोरङ्ग

**४.नाम : सम्झना काफ्ले**
बाबु : दुर्गा बहादुर काफ्ले
पति : शेखर जंग कार्की
ठेगाना : उर्लावारी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ६४७९।४०४६
जारी मिति : २०५९/०१/३१
जि.प्र.का. : मोरङ्ग, उर्लावारी

**५. नाम : सुमिता कार्की**
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१८४९
जारी मिति : २०६३/०३/०१
जि.प्र.का. : मोरङ्ग

**६. कर्जा शिर्षक : सिटिजन्स वान डिस्ट्रिकट वान प्रोडक्ट आवधिक कर्जा, सिटिजन्स फास्ट ट्रयाक आवधिक कर्जा र अन्य कर्जा**

**ऋणीको नाम र ठेगाना**

**१. नाम : डम्बर बहादुर कार्की**
बाबु : सुर्य बहादुर कार्की
बाजे : हितमान सिंङ कार्की
पत्नी : मिथिला कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १५९३००७१।४१४३
जारी मिति : २०३७/१२/०५
प्रथम प्रतिलिपि मिति २०७१/१२/१०
जि.प्र.का. : मोरङ्ग

**२. नाम : मिथिला कार्की**
बाबु : योगराज बस्नेत
पति : डम्बर बहादुर कार्की
ससुरा : सुर्य बहादुर कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १।३९३३
जारी मिति : २०४५/०२/२९
प्रथम प्रतिलिपि मिति : २०७०/०३/२३
जि.प्र.का. : मोरङ्ग

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : सुस्मिता कार्की**
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।३०४
जारी मिति : २०६१/०२/२६
प्रथम प्रतिलिपि मिति : २०७२/०७/३०
जि.प्र.का. : मोरङ्ग

**३. नाम : शेखर जंग कार्की**
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
पत्नी : सम्झना काफ्ले
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१७९
जारी मिति : २०६१/०१/१५
जि.प्र.का. : मोरङ्ग

**४.नाम : सम्झना काफ्ले**
बाबु : दुर्गा बहादुर काफ्ले
पति : शेखर जंग कार्की
ठेगाना : उर्लावारी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ६४७९।४०४६
जारी मिति : २०५९/०१/३१
जि.प्र.का. : मोरङ्ग, उर्लावारी

**५. नाम : सुमिता कार्की**
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१८४९
जारी मिति : २०६३/०३/०१
जि.प्र.का. : मोरङ्ग

**माथि उल्लिखित ऋणीहरु डेरी डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर प्रा. लि., डम्बर बहादुर कार्की, मिथिला कार्की, शेखर जंग कार्की, सम्झना काफ्ले र सुस्मिता कार्कीले उपभोग गरेको ऋण कर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण:**

**१. डेरी डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर प्रा. लि.ले लिएको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण**

| सि.नं | जिल्ला | न.पा./गा.वि.स. | वडा नं./ नक्सा सिट | कि.नं. | क्षेत्रफल (व.मि.) | धितो सुरक्षण धनीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मोरङ्ग | भौडाहा | ५/१७८०६२९ | १०२ | १९३९०.०० | डेरी डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर प्रा. लि. | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| २. | | | ५/१७८०५८९ | ३० | ९३९५.०० | | |
| ३. | | | ५/१७८०५८९ | ५७ | २१४८०.०० | | |
| ४. | | | ५/१७८०५८९ | १३ | ११५.०० | | |
| ५. | | | ५/१७८०५८९ | २९ | ३८१०.०० | | |
| ६. | | | ५/१७८०५८९ | ४२ | ८५७०.०० | | |
| ७. | | | ५/१७८०५८९ | ४६ | ४०२.०० | | |
| ८. | | | ५/१७८०५८९ | ५६ | ७२८०.०० | | |

**२. डेरी डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर प्रा. लि., डम्बर बहादुर कार्की, मिथिला कार्की, शेखर जंग कार्की र सम्झना काफ्ले लिएको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण**

| सि.नं | जिल्ला | न.पा./गा.वि.स. | वडा नं./ नक्सा सिट | कि.नं. | क्षेत्रफल (वि.क.धु.) | धितो सुरक्षण धनीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मोरङ्ग | बखरी | ४/४ख | ५२८ | ०-०-८ | मिथिला कार्की | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| २. | | | ४/४ख | ५२७ | ०-०-८ | | |
| ३. | | | ४/४ख | ५३१ | ०-०-६ | | |
| ४. | | | ४/४ख | ५३४ | ०-०-४ | | |
| ५. | | | ४/४ख | ५३३ | ०-०-८ | | |
| ६. | | | ४/४ख | ५३२ | ०-०-८ | | |
| ७. | | | ४/४ख | ५२९ | ०-०-८ | | |

**३. सुस्मिता कार्कीले लिएको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण**

| सि.नं | जिल्ला | न.पा./गा.वि.स. | वडा नं./ नक्सा सिट | कि.नं. | क्षेत्रफल (वि.क.धु.क.) | धितो सुरक्षण धनीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मोरङ्ग | बनिगामा | ३/३क | ८०४ | ०-६-१२-२ | सुस्मिता कार्की | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| २. | | | ३/३क | ८०७ | ०-७-१७-० | | |
| ३. | | | ३/३क | ७९७ | ०-७-१०-० | | |

माथि उल्लेखित चल/अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पुर्ण रकम कलम (Entire Receivables) सहित ।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय, काठमाडौंमा वा शाखा कार्यालय कन्चनवारी, मोरङ्ग मा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८२/११/१५ गते, शुक्रबार**
**समय :- दिउँसो १:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कन्चनवारी, मोरङ्ग ।**

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बदर दर शून्य हुनेगरी चलोस् मतदाता शिक्षा कार्यक्रम

प्रतिनिधिसभा सदस्यको निर्वाचन आउन अब २१ दिन बाँकी छ । जेन–जी विद्रोहपछि फागुन २१ गते निर्वाचन हुन लागेको हो । यसपटक विदेशमा भएका मतदातासमेत उत्साहपूर्वक मतदानका लागि स्वदेश फर्कन थालेका छन् । यस्तो बेला निर्वाचन आयोगले मतदाता शिक्षा प्रभावकारीरूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

कुनै पनि निर्वाचनका लागि मतदान प्रक्रियाको विशिष्टता र मतदान गर्ने विधि र प्रक्रियाबारे मतदातालाई जानकारी गराउन सूचना सामग्री तथा कार्यक्रमसम्बन्धी जानकारी प्रवाह गर्ने कार्य मतदाता शिक्षा हो । यो निर्वाचनसम्बन्धी मतदाता सचेतना पनि हो ।

भ्रष्टाचारको अन्त्य र सुशासनको स्थापना, विधिको शासन माग्दै जेन–जी विद्रोह भएको थियो । यसैले पनि यो निर्वाचनमा मत खेर जान नदिन मतदातालाई निर्वाचन प्रक्रिया, निर्वाचन प्रणाली, मतदान गर्ने तरिका, उम्मेदवार, राजनीतिक दल लगायतका विषयमा उचित जानकारी दिनुपर्छ, ताकि कुनै पनि मत बदर नहोस्, खेर नजाओस् ।

यसको मुख्य जिम्मेवारी आयोगको हो । मतदान प्रक्रियालाई सहज, सरल बनाउन, बदर हुने प्रतिशत घटाउनका लागि आयोगले फागुन ३ गतेदेखि १७ गतेसम्म देशव्यापीरूपमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न लागेको छ । देशभरका ७५३ वटै स्थानीय तहका छ हजार ७४३ वटा वडामा नै एक/एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने आयोगले जनाएको छ ।

विगतमा बदर मतको प्रतिशत बढेकाले आयोगले स्वयंसेवकमार्फत मतदाताको घर, बस्तीमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाका बारेमा मतदातालाई जानकारी गराउने छ । निर्वाचन प्रचारप्रसार र मतदाता शिक्षाकै लागि भनेर आयोगले ठूलो रकम खर्च गरिरहेको छ । तर, अझै पनि मतदाता अलमलमा पर्नसक्ने स्थिति हटेको छैन । आयोगका पदाधिकारीले यसपटक मतदाता शिक्षालाई नतिजामुखी बनाउने बताइरहे पनि धेरै क्षेत्रमा अझैसम्म त्यस्ता कार्यक्रम पुग्न नसकेको देखिन्छ ।


यसले मतदाता शिक्षालाई औपचारिकता दिएर टार्ने विगतको प्रवृत्ति पुनः दोहोरिने हो कि भन्ने आशंका जन्माएको छ । यस पटकको चुनावमा बदर मत शून्यतर्फ लैजान आयोगको ध्यान जानुपर्छ । होइन भने मतदाता शिक्षाको नाममा गरिएको खर्च खेर जाने निश्चित छ । त्यसैगरी, सामाजिक संघसंस्थाले पनि मतदाता शिक्षा सञ्चालनमा सहयोग गर्नुपर्दछ । निर्वाचन आयोग, स्थानीय तह, राजनीतिक दल, सामाजिक संघसंस्थालगायत सबैले आ–आफ्नो ठाउँबाट मतदाता शिक्षालाई प्रभावकारी बनाउन भूमिका खेल्नुपर्छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# निर्वाचनको परिणामले पूरा गर्नैपर्ने जनताका अपेक्षा



❑ हरिविनोद अधिकारी

“ मुलुकमा देखिएको अव्यवस्था र अराजकताको विपक्षमा जनता गोलबद्ध हुँदै छन् र दलहरूप्रति दबाव दिन थालेका छन् असल उम्मेदवारको मनोनयन होस् भनेर । हाम्रोजस्तो करिब तीन करोडमात्र जनसंख्या रहेको देशमा कति सांसद र कतिजना मन्त्री चाहिने हुन्, उनीहरूको सुविधा र कर्तव्य कस्तो हुनुपर्ने हो भन्ने विषयमा निर्वाचन अघि नभएर निर्वाचन पछिमात्र छलफल हुने गर्छ । अझ राजनीतिक समीक्षकहरूको कडा टिप्पणी कस्तो छ भने यो निर्वाचनमा पनि जनताका असली समस्याको समाधान हुन नसक्नेगरी प्रतिनिधिहरू जुनसुकै तरिकाले चयन भए पनि व्यवस्थाकै भविष्यमाथि प्रश्न उठ्न सक्ने छ ।

मतपत्रद्वारा मौनक्रान्ति गर्ने भनेको निर्वाचनमा हो । प्रत्येक निर्वाचनले एउटा परिवर्तनको आकांक्षा राखेको हुन्छ र त्यसको समीक्षा गर्ने भनेको निर्वाचनपश्चात् हो । समयको अन्तरालमा किन परिवर्तन आवश्यक छ त ? भन्ने प्रश्नमा सिद्धान्त आफैं भन्छ- जनताको धारणामा आएको परिवर्तनलाई मतपत्रमार्फत व्यक्त गर्ने हो । त्यसैले प्रत्येक निर्वाचनलाई प्रजातन्त्रमा जनादेशको महोत्सव मान्ने चलन छ । तर जनताले जब आफ्ना आकांक्षा समष्टिगत रूपमा पूरा हुँदैनन्, पक्कै पनि त्यहाँ निराशाको सूत्रपात हुन्छ र वैधानिक तरिकाले परिवर्तन गर्नेभन्दा अन्य तरिकाले परिवर्तनको आवश्यकता महसुस गर्न थाल्छन् । त्यसले राज्य प्रणालीमा रहेका तथा उत्तरदायी व्यक्तिहरूले जनताका आकांक्षा र राज्यको आवश्यकता पूरा नगर्दा हालैको नेपालको घटनाले नयाँ उदाहरण प्रस्तुत गरेको देखिन्छ ।

यसबाट नेपाल अझै पनि त्यो संक्रमणबाट गुज्रँदै छ भन्ने धेरै संकेतहरू विद्यमान छन् । जसको निराकरणका लागि आगामी फागुन २१ को निर्वाचन हुनै पर्दछ । सबैले भन्ने गरेको कुरा हो, संविधान अहिले आफ्नो बाटोबाट अलि यताउता लागेको छ, त्यसैले संवैधानिक परम्परालाई आफ्नो ठाउँमा यथावत् राख्न पनि छिट्टै नै निर्वाचित सरकारलाई संविधानअनुसार सरकार बनाउने अवस्था सिर्जना गर्नका लागि जनादेशअनुसारको सरकार आवश्यक छ, जुन आमनिर्वाचनबाट मात्र सम्भव छ । यसका लागि मुख्य पात्र राजनीतिक दलहरू नै हुन्, किनभने बहुलवादी समाजमा जनताको प्रतिनिधित्व दलहरूले गरिरहेका हुन्छन् र तिनै दलहरूका बीचमा स्वस्थ भएको हाम्रोजस्तो प्रजातान्त्रिक प्रणालीमा परिवर्तन भनेको निर्वाचनमार्फत आउने हो । निर्वाचन जब एक महिनाभित्रै आएको छ भने यसबारेमा व्यापक छलफल, बहस र मुलुकको भविष्यका लागि भावी योजना कस्तो हुनुपर्छ भन्ने कुरामा अहिले नेपालमा नयाँ सजगता देखिएको छ ।

विगत केही वर्षदेखिको क्रियाकलाप र गणतन्त्र स्थापनाका बेलामा गरिएका वाचा र परिणामको लेखाजोखा निर्वाचनको मुखैमा सुरु भएको छ । खासगरी मूलधारका दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, पुराना धेरै कम्युनिस्ट दलहरूको समूह नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीका बारेमा खुलेर समीक्षा सुरु भएको छ । दलहरूको कमीलाई र निर्वाचित प्रतिनिधिको गल्तीले प्रजातान्त्रिक शासन प्रणालीले दण्ड पाउनु हुँदैन । त्यसैले निर्वाचनमार्फत जाने प्रतिनिधिहरूकाबारेमा कस्तालाई दलले उम्मेदवार छान्नून् र जनताले मत दिऊन् भन्ने शिक्षाको कमी छ भनेर मान्दा हुन्छ । त्यसो त उम्मेदवारहरू मैदानमा आइसकेको छन् । असल व्यक्ति छानिनुपर्छ भन्ने सिद्धान्तका आधारमा प्रतिनिधि छान्न पाउने जनताको अधिकार कुण्ठित हुनु हुँदैन भन्ने आममनोविज्ञान देखिन्छ । नेपाली जनता अहिले यही मनोविज्ञानका साथ मतदानको तयारीमा देखिन्छन् ।

निर्वाचन भन्नेबित्तिकै जनताको सही प्रतिनिधित्व कसरी हुन सक्छ भन्ने प्रश्न उठिरहेको हुन्छ । विश्वभरका प्रजातन्त्रका लागि यो मनोवैज्ञानिक समस्या हो । प्रतिनिधित्व पनि प्रत्यक्ष र अप्रत्यक्ष तरिकाले गरिन्छ । जस्तो कि सबैभन्दा बढी मत ल्याउनेले जित्ने निर्वाचन भनेको प्रत्यक्ष हो भने समानुपातिक निर्वाचनबाट निर्वाचित हुनेलाई उनीहरू मन्त्री या सचिव भएको ठीक हो कि होइन भनेर संसदीय सुनुवाइ गरिन्छ ।

सेवाको कुरा गर्दा राजनीतिलाई सेवा कि पेसा भन्ने बहस पनि छँदै छ । राजनीतिक चेतना भनेको आफूलाई चिन्ने, समाजलाई चिन्ने, कानुनको बारेमा सजगता र नागरिक अधिकार अनि कर्तव्यका बारेमा जानकारी लिने र आफूले जानेका कुराहरू समाजमा विस्तार गर्ने पनि हो ।

राजनीतिको आधार भनेको सिद्धान्त हो । आज संसारभरि प्रजातन्त्रका पक्षमा कि प्रजातन्त्रका विरुद्धमा भन्ने सिद्धान्तको विवाद छ । प्रजातन्त्रका विरोधीहरूले न आवधिक निर्वाचनका पक्षमा वकालत गर्छन्, न त जनताको मतबाट प्रतिनिधित्व गर्ने कुरामा विश्वास गर्छन् । त्यसैलाई हामी अराजकता पनि भन्छौं र निरंकुशताको सूत्रपात पनि भन्छौं । त्यसो त जस्तासुकै निरंकुश शासकले पनि आफ्नो शासन प्रणाली प्रजातान्त्रिक भन्ने गर्छन् र प्रजातन्त्रको परिभाषा पनि आफ्नै तरिकाले दिने गर्छन् । तर प्रजातान्त्रिक तरिकाले शासन गर्ने राजनीतिक व्यवस्था भएका देशहरूमा मात्र आवधिक निर्वाचन हुन्छ । त्यसले सरकारको आधारभूमि तयार गर्छ ।

जनतालाई शासन गर्ने कानुन बनाउने भनेको जनताका प्रतिनिधिहरूले मात्र हो । भनाइ छ, जनताका प्रतिनिधिको आदेशबाहेक न कर उठाउन पाइन्छ, न त उठेको करको पैसा नै खर्च गर्न पाइन्छ । त्यसैले आय व्ययको विवरण संसद्मा प्रस्तुत गरेरमात्र कार्यान्वयन गरिन्छ जसले जनताको अपनत्व पाउँछ ।

सिद्धान्तमा प्रजातान्त्रिक परिपाटीको अहिलेसम्म विकल्प देखिएको छैन । प्रजातन्त्रका नाममा गरिने छाडातन्त्रले त्यसको बद्नाम हुन थालेकोले होला



प्रतिस्पर्धा पनि हुन्छ र हार जित पनि हुन्छ ।

नेपालको संविधान २०७२ को घोषणाा भएपछिको दोस्रो आमनिर्वाचन २०७९ साल मंसिर ४ गते भएको थियो तर २०८२ साल भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनले नयाँ परिस्थिति आयो र प्रतिनिधिसभा विघटन गरियो । प्रतिनिधिसभाको रिक्तता नहोस् भनेर राष्ट्रपति रामचन्द्र पौडेलले नयाँ सरकारकी प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा फागुन २१ गतेका लागि प्रतिनिधिसभाको निर्वाचन घोषणा भएको सर्वविदितै छ । त्यसैअनुसार निर्वाचनको व्यापक तयारी भइरहेको छ । अन्यथा यो आवधिक निर्वाचन २०८४ साल मंसिरमा हुनुपर्ने थियो ।

मुलुकमा आएको विषम् परिस्थितिलाई बुद्धिमत्तापूर्ण तरिकाले सम्पादन गर्न पनि नयाँ प्रतिनिधिसभाको आवश्यकता परेको हो । किनभने, संसदीय प्रजातान्त्रिक परम्परामा जनताको जनादेशविनाको सरकारलाई लामो समयसम्म शासन गर्ने हक पनि हुँदैन । सायद त्यसैले पनि होला, सर्वोच्च अदालतको पूर्वप्रधानन्यायाधीशसमेत रहेकी प्रधानमन्त्री कार्कीले आमनिर्वाचनबाट आएको सरकारलाई सत्ता सुम्पन आफू आतुर रहेको बताइरहेकी छन् र आफूले भवितव्यले सत्ता सम्हाल्नुपरेको अभिव्यक्ति पनि दिँदै आएकी छन् ।

२०८२ माघ १९ गते पहिलोपटक राष्ट्रिय सभामा प्रधानमन्त्रीको हैसियतले सम्बोधन गर्दा पनि उनले त्यही कुरा दोहोर्‍याएर प्रजातन्त्रमा संसद्को गरिमालाई महत्त्व दिएको बताएकी छन् ।

निर्वाचनमा जित्ने र सत्ता प्राप्त गर्ने अनि मुलुकको विकास गर्ने राजनीतिक कुरा बुझ्न सकिन्छ, किनभने यो राजनीतिक सिद्धान्तभित्रैको मुख्य काम हो । राजनीतिकरूपमा आमनिर्वाचन जनताका लागि महोत्सव हो, जसले भावी सत्ताको चित्र तयार गर्छ । शान्तिपूर्ण तरिकाले सत्ता सुम्पन्छ र आवधिक निर्वाचनको एउटा चक्र अन्त्य भएर निर्वाचितहरूले राज्यको सेवा गर्ने अर्को चक्रको सुरुआत हुन्छ । तर नेपालको वर्तमान अवस्थाको आँकलन गर्ने हो भने जनतामा नैराश्यता देखिन्छ र परिवर्तनका लागि उत्सुकता पनि पाइन्छ । आखिर बहुदलीय संसदीय परम्परा अप्रत्यक्षरूपमा निर्वाचित प्रतिनिधि भनेर भनिन्छ । तल्लो सदन र माथिल्लो सदनका काम उस्तै कानुन बनाउने भए पनि दायित्वका हिसाबले तल्लो सदनका सांसदहरूकाबारेमा बढी आलोचनात्मक रूपले बहस गरिन्छ, किनभने उनीहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जनताका घरदैलोमा गएका हुन्छन् र घरदैलोमा जानेबेलामा समीक्षा जनताले गर्ने छन् र सामूहिकरूपमा जवाफ पनि माग्ने छन् । जनताको मस्तिष्कमा हिजोका वाचा पनि रेकर्ड भएरै बसेको छ भन्ने कुरा अब जनताको घरदैलोमा जानेले पनि बिर्सनु हुँदैन ।

जनतामा रहेका भावनाहरूको कति प्रतिनिधित्व भएको छ भन्ने कुराको पनि समीक्षा यही बेलामा हुने र त्यसैका आधारमा अपेक्षासहित निर्वाचनका मत दिने काम हुने छ भन्ने सैद्धान्तिक तथा व्यावहारिक तथ्य प्रकाशमा आएको छ । प्रत्यक्ष निर्वाचन र अप्रत्यक्ष निर्वाचनमा पनि जनताको सही प्रतिनिधित्व भएन भनेर विवाद पनि उठेको छ किनभने दलहरूले उम्मेदवार बनाउने मानिसको क्षमता र योग्यतामा प्रश्न उठाइन्छ । यसमा केमात्र भन्नुपर्ने हुन्छ भने, निर्वाचन हुन्छ र त प्रश्न उठ्छ नि । तर बहुदलीय व्यवस्थामा दलहरूको विकल्प भनेका दलहरू नै हुन् र बहुलवादका आधारमा राज्य सञ्चालन गर्नका लागि मौलिक हकहरूको निर्वाध प्रयोग गराउनसक्ने र जनताको हकको रक्षा गर्नसक्ने सरकार चाहिन्छ, जसका लागि जनप्रतिनिधि पनि त्यस्तै योग्य, सुझबुझ राख्ने र बहुलतामा आधारित प्रतिनिधित्व गर्ने खालको पनि हुनुपर्छ ।

संसारका प्रजातान्त्रिक शासन व्यवस्था भएका देशहरूमा कतै संसद्का सांसदमध्येबाट सरकारमा प्रतिनिधित्व गराइन्छ भने कतै निर्वाचितहरूले कानुनमात्र बनाउँछन् र सरकारलाई पथप्रदर्शन गर्दै सरकारका रूपमा रहने कार्यपालिकाको अनुगमन, मूल्यांकन र सुधार गर्नका लागि कानुन निर्माण गर्छन् र सरकारलाई सजग बनाउँछ ।

संयुक्त राज्य अमेरिकामा सांसदले मन्त्री हुन पाउँदैनन् र कोही सांसद पदको मानिस मन्त्री हुने भएमा सांसद पदबाट राजीनामा दिनुपर्छ जस्तो कि कतिपय सिनेटरहरू जब मन्त्री हुन्छन्, उनीहरूले सिनेटबाट राजीनामा दिनुपर्छ र मात्र सिनेटमा र प्रजातन्त्रको भविष्यप्रति नै चिन्ता व्यक्त गर्न थालिएको छ । त्यसको कारण हो, जनताले आफ्ना प्रतिनिधिहरूले आफ्ना समस्याको बारेमा चिन्तन गरुन् र समाधान गरुन् भन्ने चाहन्छन् । देश र आर्थिक अवस्थाअनुसारका आकांक्षाहरू जन्मिन्छन् र समाधान खोज्छन् त्यो पनि सरकारबाट । त्यसैले सरकारले संसद्को विश्वासका आधारमा समस्याको समाधान दिने गर्छ ।

मुलुकमा देखिएको अव्यवस्था र अराजकताको विपक्षमा जनता गोलबद्ध हुँदै छन् र दलहरूप्रति दबाब दिन थालेका छन् असल उम्मेदवारको मनोनयन होस् भनेर । हाम्रोजस्तो करिब तीन करोडमात्र जनसंख्या रहेको देशमा कति सांसद र कतिजना मन्त्री चाहिने हुन्, उनीहरूको सुविधा र कर्तव्य कस्तो हुनुपर्ने हो भन्ने विषयमा निर्वाचन अघि नभएर निर्वाचन पछिमात्र छलफल हुने गर्छ ।

अझ राजनीतिक समीक्षकहरूको कडा टिप्पणी कस्तो छ भने यो निर्वाचनमा पनि जनताका असली समस्याको समाधान हुन नसक्नेगरी प्रतिनिधिहरू जुनसुकै तरिकाले चयन भए पनि व्यवस्थाकै भविष्यमाथि प्रश्न उठ्न सक्ने छ । सत्ताको केन्द्रमा बस्नेहरूमा सगरमाथाको टुप्पाबाट संसार नै होचो देखेजस्तो गरेर सबै कुरामा अनभिज्ञता प्रकट गर्दै निर्वाचनमा होमिएको अनुभूति हुँदै छ । तर, जनता चाहन्छन् चुनावको वरपर यी आकांक्षा र भावनाहरूको सम्बोधन हुने नै छ ।

आगामी फागुन २१ गतेको निर्वाचनका अब धेरै दिन बाँकी छैन । त्यो निर्वाचनलाई शान्तिपूर्ण तरिकाले सहज र सरलतासँग सम्पन्न गर्नु हाम्रो नागरिक दायित्व पनि हो । निर्भयताका साथ नेपाली जनताले मतदान गर्ने अवस्था सिर्जना होस्, मतदानमा कमभन्दा कम मत बदर होस्, बढीभन्दा बढीले मतदान गर्ने अवसर पाऊन् भन्ने कुरालाई निर्वाचन आयोग, सरकार र नागरिक समाजले कर्तव्य ठान्नुपर्दछ । जनताका पक्षमा आगामी निर्वाचनलाई अनुवाद गरौं र जसले समग्र नेपालीको प्रतिनिधित्व गर्न सकोस् । बदलिँदो अपेक्षासँग समयको पदचापको ख्याल गरौं र निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाऔं । प्रजातन्त्रलाई बचाऔं र प्रजातन्त्रको विकल्प प्रजातन्त्रमात्रै हो भन्ने सत्य फेरि पनि सावित गरौं । *रासस*



**तालिममा निर्वाचन प्रहरी** | महोत्तरीको सदरमुकाम जलेश्वरमा अवस्थित जिल्ला प्रहरी कार्यालयमा बुधबार आयोजित तालिममा सहभागी निर्वाचन प्रहरी । *तस्विरः रासस*

# राप्तीमा थप २० घडियाल छाडियो

**चितवन (प्रस)–** चितवन राष्ट्रिय निकुञ्जभित्र रहेको घडियाल गोही प्रजनन केन्द्रमा हुर्काइएका गोही निकुञ्जअन्तर्गत जनकौली सामुदायिक वन क्षेत्रको राप्ती नदी प्रणालीमा छाडिएको छ ।

निकुञ्जका सूचना अधिकारी एवं संरक्षण अधिकृत अविनाश थापा मगरका अनुसार मंगलबार २० वटा घडियाल नदीमा छाडिएको हो, जसमा तीन भाले र बाँकी पोथी रहेका छन् । छाडिएका २० गोहीसँगै यस वर्ष प्रजनन केन्द्रमा हुर्काइएका कूल १६५ घडियाल राप्ती नदी प्रणालीमा छाडिएको छ । उनका अनुसार केन्द्रमा हुर्काएर हालसम्म दुई हजार २४० घडियाल विभिन्न नदीमा छाडिएकामा राप्ती नदीमा मात्रै एक हजार ४८५ घडियाल छाडिएको छ ।

निकुञ्ज भएर बग्ने राप्ती नदी घडियालको प्राकृतिक बासस्थानका लागि उपयुक्त मानिन्छ । नारायणी तथा राप्ती नदी किनारबाट संकलन गरिएका गोहीका अण्डा र केन्द्रमै रहेका गोहीबाट जन्मिएका बच्चालाई केन्द्रमा हुर्काएर प्राकृतिक बासस्थानमा छाड्ने गरिएको छ । हाल केन्द्रमा करिब ६०० को हाराहारीमा घडियाल रहेका छन् ।

नदी किनारबाट संकलन गरिएका अण्डालाई केन्द्रको कृत्रिम हचाचरीमा राखी बच्चा उत्पादन गरिन्छ । प्रजनन केन्द्रमा विभिन्न उमेर समूहका बच्चा घडियाललाई छुट्टाछुट्टै राखिन्छ । प्राकृतिक वातावरण अनुकूल भएकाले राप्तीमा बढी घडियाल छाडिँदै आएको छ । अवलोकनका क्रममा विशेषगरी राप्ती र नारायणी नदी बढी उपयुक्त देखिएका छन् । गत मंसिरमा गरिएको गोही गणना तथा अवलोकनका क्रममा राप्ती र नारायणी नदीमा जम्मा ३६६ घडियाल भेटिएका छन् । तीमध्ये नौवटा भाले रहेका छन् ।

घडियाल तुलनात्मकरूपमा शान्त स्वभावको हुन्छ र नदी तथा किनार छाडेर धेरै टाढा जाँदैन । घडियाल संरक्षण गर्ने उद्देश्यले सन् १९७८ देखि चितवन राष्ट्रिय निकुञ्जको कसरामा घडियाल गोही प्रजनन केन्द्र सञ्चालनमा छ । केन्द्रमा जन्मिएर हुर्काइएका घडियाललाई हरेक वर्ष प्राकृतिक बासस्थानमा छाड्ने गरिन्छ । पाँच वर्षसम्म संरक्षण केन्द्रमा राखी आफैं आहार खोज्न र खान सक्ने अवस्थामा पुगेपछि नदीमा छाड्ने गरिन्छ ।

प्राकृतिक बासस्थानबाट अण्डा संकलन गरी केन्द्रमा हचाचिङ गरिएका तीनदेखि पाँच वर्ष उमेर समूहका करिब १.५ मिटर लम्बाइ पुगेका घडियाल प्राकृतिक बासस्थानमा छाड्न योग्य हुने सूचना अधिकारी थापाले बताए । प्रजनन केन्द्रमा हुर्काएर नदीमा छाडिएका घडियालमध्ये थोरै मात्र जीवित रहने गरेको पाइएको छ ।

कतिपय घडियाल हराउने, केही बाढीले बगाएर भारततर्फ पुग्ने तथा केही विभिन्न कारणले मर्ने गरेका छन् । नदीमा माछा मार्न प्रयोग हुने जालमा अल्झिएर घडियाल मर्ने समस्या बढ्दै गएको छ । निकुञ्ज र संरक्षणकर्मीले बर्सेनि जालमा बेरिएका घडियालको उद्धार गर्दै आएको थापाले बताए ।

# बाँकेमा दलका पुरानै चुनावी एजेण्डा, अनुहार भने नयाँ

■ **युवराज पाण्डे**

**नेपालगञ्ज–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा बाँकेका उम्मेदवारले पुरानै एजेण्डा दोहोऱ्याएका छन् । प्रमुख पार्टीबाट निर्वाचनमा होमिएका राजनीतिक दलका उम्मेदवार केहीबाहेक अधिकांश नयाँ अनुहारका छन् ।

यसपटक जिल्लाको निर्वाचन क्षेत्र नं २ मा नेपाली कांग्रेसका जिल्ला सचिव सुधान्सु कोइराला, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का दीपेन्द्र विष्ट नयाँ अनुहारका रूपमा छन् भने नेकपा एमालेका तर्फबाट इशितयाक राई उम्मेदवार छन् । उनी पूर्वमन्त्रीसमेत छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट विवेककुमार श्रेष्ठ र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का ऋषिराज देवकोटा पनि नयाँ अनुहारका छन् । वि.सं. २०७९ को निर्वाचनमा राप्रपाका नेता धवलशमशेर राणा क्षेत्र नं २ बाट निर्वाचित भएका थिए ।

त्यस्तै बाँकेको निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेस बाँकेका सभापति नारायण गौडेल नयाँ उम्मेदवार छन् भने एमालेका तर्फबाट सूर्य ढकाल पुराना उम्मेदवार हुन् । नेपाली कम्युनिस्ट पार्टीबाट नरेन्द्र पाण्डे (जेम्स) नयाँ अनुहारका छन् ।

जिल्लाको निर्वाचन क्षेत्र नं ३ मा नेपाली कांग्रेसका तर्फबाट अमरसिंह पुन, एमालेका तर्फबाट सुमन मल्ल, रास्वपाका खगेन्द्र नेपाली नयाँ अनुहार छन् । प्रमुख राजनीतिक दल कांग्रेस, एमाले, नेकपाले जिल्लामा विगतका निर्वाचनमा नभएका कामलाई प्राथमिकतामा राख्दै दिगो समाधानको खोजी गर्ने बताउँदै आएका छन् ।

उनीहरूले भनेका छन्, 'आधारभूत रूपमा जनताका आवश्यकता पूरा गर्न सुधारका काम सम्पन्न गरेसँगै त्यसले परिवर्तनलाई आत्मसात् गर्नसक्छ ।' एमालेका उम्मेदवार राईले विगतका निर्वाचनमा विजयी भएपछि यहाँको विकास गर्नु, पर्यटन प्रवर्द्धन आफ्नो नेतृत्वमा भएको जिकिर गर्दै बाँकी रहेका कामलाई पूर्णता दिन आफू विजयी हुनुपर्ने तर्क गरे । उनले शिक्षामा आधुनिकीकरण गर्दै नेपालगञ्जस्थित भेरी अस्पताललाई विशिष्टीकृत अस्पतालका रूपमा व्याख्या गरिए पनि कार्यान्वयन हुन नसकेको बताए ।

राईले भने, 'महेन्द्र बहुमुखी क्याम्पसको स्तरोन्नति, पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन, कृषि क्षेत्रमा आमूल परिवर्तन गर्नु अहिलेको आवश्यकता हो ।' त्यसबाहेक औद्योगिक करिडोर निर्माण, क्रिकेट रंगशाला, सुक्खा बन्दरगाहको स्थापना, युवा स्वरोजगारका कार्यक्रमलाई पूर्णता दिनुपर्नेलगायत काम बाँकी रहेका उल्लेख गरे । उम्मेदवार राईले राप्तीनदी किनारमा भएको बस्ती जोगाउन र जमिनको कटान रोक्न तटबन्ध निर्माण गर्नुपर्ने बताए ।

नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार विष्टले नेपालगञ्जको ढल निकास र पूर्वाधारको विकासमा जोड दिँदै मदरसा शिक्षालाई आधुनिकीकरण गर्न आवश्यक रहेको बताए । उनले औद्योगिक क्षेत्रको विकासका लागि 'औद्योगिक ग्राम' स्थापना हुनुपर्ने उल्लेख गर्दै नेपालगञ्जलाई आइटी र नवप्रर्वतनको हबका रूपमा विकास गर्ने प्रतिबद्धता जनाए ।

'यस क्षेत्रमा लागुऔषध दुर्व्यसनको ठूलो समस्या छ, यसलाई नियन्त्रण गर्न विशेष संयन्त्र निर्माणमा जोड दिनुपर्छ,' विष्टले भने । जेन-जी आन्दोलनको मर्म भ्रष्टाचारमुक्त समाज र सुशासन भएकामा जोड दिँदै उनले डुडुवामा राप्ती नदीले गरेको कटान रोकेर दिगो समाधान खोज्न पहल गरिने बताए । *रासस*

**ओमनमा रोजगार** — कम्पनी : **AL-ISTABRAQ AL-RIYADA TRADING**

पूर्व स्वीकृति मिति : २०८२/१०/२६ | LT. No. 338682 | चलानी नं. ६०२५२२६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 0 | 150 | ५६,५४० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cafe Waiter | 1 | 0 | 140 | ५२,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ७ गते (19th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.**
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075

**युएइमा रोजगार** — कम्पनी : **S K SOLUTIONS FACILITY SERVICES LLC**

पूर्व स्वीकृति मिति : २०८२/१०/२८ | LT. No. 338428 | चलानी नं. ६०२५२२७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef/kitchen Assistance | 5 | 0 | 1500 | ३८,७२० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 20 | 0 | 1000 | ९६,७९५ | | | | | | | |
| 3. | Light, Heavy Driver | 5 | 0 | 2000 | ४२,५९० | | | | | | | |
| 4. | Tally Clerks | 5 | 0 | 1500 | ९६,७९५ | | | | | | | |
| 5. | Warehouse Picker | 40 | 0 | 1200 | ४०,३३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ७ गते (19th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

**कुवेतमा रोजगार** — कम्पनी : **AL THARYA CLEAN LAUNDRY CENTER CO.**

पूर्व स्वीकृति मिति : २०८१/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२८ | LT. No. 321506 | चलानी नं. ६०२३५६३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 9 | 0 | 100 | ४७,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ७ गते (19th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७१/०७९/०८०
**SPACE HR SOLUTIONS PVT.LTD**
Basundhara, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

**कतारमा रोजगार** — कम्पनी : **AL BSMH LKHDMAT AL-DYAFH WALTNZYFAT**

पूर्व स्वीकृति मिति : २०८२/०७/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२८ | LT. No. 333148 | चलानी नं. ६०२४६८५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Cleaner Worker | 0 | 6 | 1200 | ४७,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ७ गते (19th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

**युएइमा रोजगार** — कम्पनी : **CONNECT RESOURCES LLC**

पूर्व स्वीकृति मिति : २०८२/१०/२७ | LT. No. 338746 | चलानी नं. ६०२५२२७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 25 | 0 | 1500 | ५९,१९५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Electrician | 25 | 0 | 1500 | ५९,१९५ | | | | | | | |
| 3. | Labour | 25 | 0 | 1000 | ३९,४६५ | | | | | | | |
| 4. | Steal Fixer | 25 | 0 | 1500 | ५९,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ७ गते (19th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552,
Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624
श्रम ईजाजत नं. ७९४/०६५/०६६

UPPER SYANGE HYDROPOWER LTD.
KATHMANDU, NEPAL

**Statement of Financial Position (Unaudited)**
**As on 30th Poush, 2082, 2nd Quarter F.Y. 2082/83**

Amount in Rs.

| Particulars | This Quarter Poush End, 2082 | Immediate Previous Year Ashadh End, 2082 |
|---|---|---|
| **ASSETS** | | |
| **A. Non Current Assets** | | |
| Property, Plant & Equiptment | 1,767,578 | 1,938,518 |
| Intangible Assets | 446,123,110 | 454,568,376 |
| Project Under Development | - | - |
| Investments | 116,475,000 | 103,337,500 |
| Total Non Current Assets | 564,365,688 | 559,844,394 |
| **B. Current Assets** | | |
| Inventory | - | - |
| Cash and Bank | 15,941,695 | 11,596,382 |
| Deposit, Advance & Receivables | 46,671,379 | 54,296,926 |
| Total Current Assets | 62,613,074 | 65,893,308 |
| Total Assets (A+B) | 626,978,762 | 625,737,702 |
| **Equity and Liabilities** | | |
| **C. Equity** | | |
| Share Capital | 220,000,000 | 220,000,000 |
| Reserves & Surplus | (12,874,606) | (17,964,246) |
| Total Equity | 207,125,394 | 202,035,754 |
| **D. Non Current Liabilities** | | |
| Long Term Loan | 338,700,000 | 334,700,000 |
| Employee Benefit Liability | 1,477,849 | 3,528,877 |
| Retention Money Payable | - | - |
| Deferred Tax Liabilities | 1,531,220 | 1,476,015 |
| Total Non Current Liabilities | 341,709,069 | 339,704,892 |
| **E. Current Liabilities** | | |
| Short Term Loan | 40,793,506 | 46,442,006 |
| Accounts & Others Payables | 3,016,588 | 3,220,845 |
| Provisions | 34,334,205 | 34,334,205 |
| Total Current Liabilities | 78,144,299 | 83,997,056 |
| **Total Liabilities (C+D+E)** | **626,978,762** | **625,737,702** |

**Statement of Profit or Loss and Other Comprehensive Income**
**For the quarter ended on 30th Poush 2082, 1st Quarter 2082/83**

| Particulars | This Year: This Quarter | This Year: Up to this Qurater (YTD) | Corresponding Previous Year: This Quarter | Corresponding Previous Year: Up to this Qurater (YTD) |
|---|---|---|---|---|
| Revenue from Operation | 19,443,014 | 38,391,409 | 17,323,880 | 23,678,439 |
| Cost of Operation | (476,055) | (1,248,049) | (2,150,116) | (3,212,798) |
| Gross Profit/ (Loss) | 18,966,959 | 37,143,360 | 15,173,764 | 20,465,641 |
| Other Income | 1,156 | 2,113 | 1,177 | 1,898 |
| Total Income/(Loss) from Operation | 18,968,115 | 37,145,473 | 15,174,941 | 20,467,539 |
| Employee Benefit Expenses | (1,991,267) | (4,433,547) | (1,981,153) | (4,353,339) |
| Depreciation and Amortisation | (4,308,103) | (8,616,206) | (4,308,405) | (8,615,775) |
| Administrative Expenses | (1,712,749) | (4,548,067) | (2,116,254) | (4,440,634) |
| **Operation Profit / (Loss)** | **10,955,996** | **19,547,653** | **6,769,129** | **3,057,791** |
| Finance Cost | (6,697,362) | (14,354,142) | (8,638,344) | (18,223,521) |
| **Profit / Loss Before Staff Bonus** | **4,258,634** | **5,193,511** | **(1,869,215)** | **(15,165,730)** |
| Staff Bonus | (85,173) | (103,871) | - | - |
| **Profit / Loss Before Tax** | **4,173,461** | **5,089,640** | **(1,869,215)** | **(15,165,730)** |
| Income Tax Expenses | - | - | - | - |
| Income Tax For Previous Years | - | - | - | - |
| **Profit (Loss) For The Year** | **4,173,461** | **5,089,640** | **(1,869,215)** | **(15,165,730)** |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **4,173,461** | **5,089,640** | **(1,869,215)** | **(15,165,730)** |

**Notes:**
1. The above mentioned figures are subject to changes during statutory audit.
2. This condensed financial statement has been prepared complying relevant NFRS.
3. Previous period figures are regrouped wherever necessary.
4. Deferred tax computed only at the end of fiscal year.

**(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४, नियम २६ को उपनियम (१) सँग सम्बन्धित आ.व. २०८२/८३ को दोश्रो त्रैमासिक प्रतिवेदन**

**१) वित्तीय विवरण:**

क) **यस त्रैमासिक अवधिका वासलात, नाफारनोक्सान सम्बन्धी विवरण:**
यस संस्थाको आ.व. २०८२/८३ को दोश्रो त्रैमासिक अवधिको वित्तिय अवस्था सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

ख) **कम्पनी प्रमुख वित्तीय अनुपातहरू :**

| | | | |
|---|---|---|---|
| **प्रति शेयर आम्दानी वार्षिक रू.** | ७.५९ | तरलता अनुपात (प्रतिशतमा) | ८०.१२ |
| प्रति शेयर नेटवर्थ रु | ९४.१५ | मूल्य आम्दानी अनुपात | १०७.६४ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य रू. | २८४.९९ | | |

**२) व्यवसायिक विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:**
विद्युत प्राधिकरणको ३३ केभी प्रशारण लाइनमा आएको प्राविधिक समस्याका कारण चालु आ.व.को श्रावणदेखि असोजसम्म आयोजना पूर्ण क्षमतामा सञ्चालन हुन नसक्दा संस्थाको विद्युत बिक्री आम्दानीमा केही गिरावट आएको थियो । तथापि, चालु अवधिमा उक्त समस्या समाधान भई विद्युत उत्पादन तथा प्रशारण पूर्ववत् अवस्थामा पुनः सञ्चालन भइसकेको छ। संस्थाको मौज्दात अवस्था स्थिर रहेको छ र तरलता अनुपात समेत समस्थितिमा कायम रहेको छ ।

ख) **व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
कम्पनीद्वारा सञ्चालनमा रहेको अप्पर स्याङ्गे हाईड्रोपावर आयोजना-२४०० कि.वा. को समिक्षा अवधिमा व्यावसायिक उत्पादन भईरहेको छ । साथै, कम्पनीले गोर्खा स्थित दोभान खोला २४.५ मे.वा. जलविद्युत आयोजनामा समेत सम्भाव्यता अध्ययन सम्पन्न भई नेपाल विद्युत प्राधिकरणसँग **विद्युत खरिद बिक्री सम्झौता** (**पी.पी.ए.**) समेत मिति २०८०/०३/०७ मा सम्पन्न भईसकेको छ । संस्थाले सोहि परियोजनाको **उत्पादन अनुमतिपत्र** विद्युत विकास विभागबाट मिति २०८०/१२/०५ मा प्राप्त गरिसकेको छ । सो उत्पादन अनुमतिपत्र यस संस्था समेत प्रमूख प्रवर्द्धकको रुपमा रहने गरि दोभान खोला हाईड्रोपावर लिमिटेडमा हस्तान्तरण प्रक्रिया सम्पन्न भइसकेको छ। । साथै, सम्पूर्ण शेयरधनीहरुको हितमा कार्य गर्दै कम्पनीको व्यवस्थापन उपयुक्त र आवश्यकता बमोजिम कम्पनीलाई अगाडी बढाउन प्रतिवद्द रहेको छ ।

**३) कानुनी कारबाही सम्बन्धी विवरण :**
क) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।
ख) कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध, फौजदारी अभियोग गरेको सम्वन्धमा कुनै मुद्दा दायर नभएको ।

**४) संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**
क) यस संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीति नियम अनुसार खुला बजारले निर्धारण गर्ने गरेको र सोही अनुसार नै कारोबार हुने गरेको छ ।
ख) समीक्षा अवधिमा कम्पनीको शेयर धितोपत्र को कारोवार निम्न बमोजिम रहेको छ ।

| | | | |
|---|---|---|---|
| **शेयरको अधिकतम मूल्य रू.** | ९४५ | शेयरको न्यूनतम मूल्य रु | ६६०.१० |
| **अन्तिम मूल्य रू.** | ८१७ | कारोबार भएको कुल दिन | ५५.०० |
| **कारोबार संख्या** | ६६९७ | कारोबार भएको शेयर संख्या | ६९८८८० |

**५) समस्या तथा चुनौती**
कम्पनीद्वारा सञ्चालनमा रहेको आयोजनाको व्यावसायिक उत्पादन सुरू भईसके तापनि उत्पादनको क्रममा मौसमको अनुकुलता वा प्रतिकुलताले नदिको वहावमा आउन सक्ने उतार चढावले बिद्युत उत्पादनको परिमाणमा असर पार्न सक्नेछ । यस आयोजनाद्वारा उत्पादित विद्युतलाई टारिकुना सब-स्टेसन (खुदीहब) निर्माण सम्पन्न नहुँदासम्म बर्षायाममा पूर्ण क्षमतामा विद्युत प्रशारण गर्न अस्थायी प्रवृद्दीको समस्या देखिएको छ । साथै, यस संस्था विद्युत उत्पादनका क्रममा आईपर्न सक्ने प्राविधिक तथा अन्य समस्याहरु समाधान गर्न निरन्तर रुपमा अग्रसर रहेको छ ।

**६) संस्थागत सुशासन**
प्रचलित कानुन बमोजिम प्रकृया अवलम्बन गरि संस्थागत सुशासन कायम गरिएको छ ।

**७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुँझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सु-सूचित गर्न तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएका छैनन् ।

# प्रभाव दैनिक

बिहीबार, २९ माघ २०८२ (Thursday, 12 February 2026)


रूपशाला

## 'फ्रेन्च किस'मा भित्रिइन् रेखा

छायांकनरत फिल्म 'फ्रेन्च किस'मा अभिनेत्री रेखा थापा भित्रिएकी छन् । निर्माण पक्षले फिल्ममा महत्वपूर्ण भूमिका रहने गरी थापालाई भित्र्याएको हो । नयाँ पुस्ताको लभ स्टोरी 'फ्रेन्च किस'मा रेखालाई अनुबन्ध गरेको फिल्मका कार्यकारी निर्माता सौगात बस्नेतले जानकारी दिए । फिल्मको केही दिनदेखि चितवनका विभिन्न स्थानमा छायांकन भइरहेको छ । ए.टी.एफ. प्रोडक्सन प्रा.लिको ब्यानरमा निर्माण हुने फिल्म अभिनेता अर्पण थापाले निर्देशन गर्दैछन् । अर्पण स्वयं र 'शाम्बाला' अभिनेत्री थिन्ले ल्हामो मुख्य भूमिका रहने फिल्मको मुख्य भूमिकामा अभिनेत्री गौरी मल्ल पनि रहेकी छिन् । सुदीप बरालको छायांकन रहने फिल्ममा दीपक बज्राचार्यको सङ्गीत छ ।



# 'कान्समा नेपालको उपस्थिति सुनिश्चित'

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्रमार्फत नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ नेपाल पर्यटन बोर्ड (एनटीबी) र चलचित्र विकास बोर्ड (एफडीबी) बिच चार बुँदे समझदारी भएको छ ।

बुधबार नेपाल पर्यटन बोर्डको सभाहलमा आयोजित एक कार्यक्रममा पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपकराज जोशी र चलचित्र विकास बोर्डका कार्यकारी अध्यक्ष दिनेशराज दाहाल (दिनेश डिसी) ले समझदारीपत्रमा हस्ताक्षर गरे ।



समझदारीपत्रमा नेपालले कान्स फिल्म फेस्टिभल सन् २०२६ मा आधिकारिक रूपमा सहभागिता जनाउने, पोखरामा अन्तर्राष्ट्रिय स्तरको फिल्म फेस्टिभल आयोजना गर्ने, अडियो-भिजुअल स्टोरी टेलिङ अभियान सञ्चालन गर्ने तथा चलचित्र पर्यटनसम्बन्धी प्रवर्द्धन सामग्री उत्पादन गर्ने सहमति भएको हो ।

बोर्डका वरिष्ठ प्रबन्धक सूर्य थपलियाले सो समझदारी आर्थिक वर्ष २०८२/८३ का स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत गरिएको जानकारी दिए । कार्यक्रममा बोर्डका अध्यक्ष डिसीले सहकार्यले प्रत्येक वर्ष कान्स फिल्म फेस्टिभलमा नेपालको उपस्थिति सुनिश्चित भएको बताए । उनले चलचित्र छायाङ्कन भइसकेपछि ती स्थानहरू स्वत: पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धित हुने बताउँदै उनले भने- 'नेपाललाई पर्यटन प्रधान देश बनाउन हामी हातेमालो गरेर अघि बढ्नेछौं ।'

त्यसैगरी नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपाललाई ल्यान्ड अफ मेमोरेबल स्टोरिजका रूपमा स्थापित गर्ने लक्ष्यसहित चलचित्र पर्यटनलाई प्राथमिकतामा राखिएको बताए ।

उनले चलचित्र छायाङ्कनका लागि आवश्यक नीतिगत सुधार, अनुमति प्रक्रियाको सरलीकरण र सहजीकरण आवश्यक रहेको उल्लेख गर्दै चलचित्र बोर्डसँगको सहकार्यले उच्च सम्भावना बोकेका गन्तव्यहरूलाई अन्तर्राष्ट्रिय बजारमा अघि बढाउन मद्दत पुग्ने बताए ।

# राष्ट्रिय सभाबाट पारित भयो चलचित्र विधेयक

**काठमाडौं (प्रस)–** राष्ट्रिय सभाबाट चलचित्र विधेयक पारित भएको छ । बुधबार बसेको राष्ट्रिय सभाको बैठकमा यो विधेयकलाई पारित गरियोस् भन्ने प्रस्ताव प्रधानमन्त्री सुशीला कार्कीको तर्फबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमी श्रद्धा श्रेष्ठ प्रस्तुत गरेकी थिइन् । जसलाई सभाले सर्वसम्मतिमा पारित गरेको हो । यो विधेयक तत्कालीन माननीय सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले ल्याएका थिए ।

२०८२ साल वैशाख १४ गते राष्ट्रिय सभामा दर्ता भएको यो विधेयकमाथि २०८२ साल जेठ ६ गते सभामा प्रस्तुत भएको थियो । २०८२ साल असार ९ गते सभामा सामान्य छलफल भयो । त्यसपछि दफावार छलफलका लागि २०८२ साल साउन १४ गते विधायन व्यवस्थापन समितिमा पठाइएको थियो ।

विधायन समितिले पारित गरेर सभामा पेस गरेसँगै विधेयक सभाबाट पारित भएको हो ।



यो विधेयक ऐनमा रूपान्तरित भएपछि चलचित्र क्षेत्रलाई सामाजिक, सांस्कृतिक र मनोरञ्जनात्मक उद्योगको रूपमा विकास गर्न थप सहज हुने सरकारको विश्वास छ । चलचित्र मार्फत देशलाई पर्यटन गन्तव्यको रूपमा अगाडि बढाउन, स्वदेशी तथा विदेशी चलचित्र प्रदर्शन गर्नु अघि चलचित्र जाँच गर्ने व्यवस्था गर्न तथा स्वदेशी चलचित्रको विकास, विस्तार, प्रवर्धन र नियमन गर्नु विधेयकको उदेश्य रहेको छ ।

## रंगशाला

# आज इटालीसँग भिड्दै नेपाल



■ प्रभाव संवाददाता

**काठमाडौं–** टी-२० विश्वकपको दोस्रो खेलमा नेपालले आज (बिहीबार) इटालीसँग प्रतिस्पर्धा गर्दैछ । पहिलो खेलमा बलियो एवं दुईपटकको विश्वविजेता इंग्ल्याण्डसँग झिनो रनले पराजित भएको नेपालले इटालीको सामना गर्दैछ ।

इंग्ल्याण्डसँगको खेलमा उत्कृष्ट प्रदर्शन गरेको नेपालले इटालीलाई फराकिलो अन्तरले पराजित गर्ने लक्ष्यसहित मैदानमा उत्रने विश्वास लिइएको छ । पहिलो खेलमा नेपाल ४ रनले पराजित भएको थियो । इंग्ल्याण्डले दिएको १८५ रनको लक्ष्य पछ्याउने क्रममा नेपालले निर्धारित २० ओभरमा १८० रनमात्र बनाउन सकेपछि नमिठो पराजय भोगेको थियो ।

विश्वकपमा डेब्यू गरिरहेको इटालीले यसअघि स्कटल्याण्डसँग फराकिलो अन्तरले पराजित भएको थियो । जारी विश्वकपको पहिलो खेलमा नेपालको समूहमा बलियो इंग्ल्याण्ड, वेस्ट इन्डिजसँगै स्कटल्याण्ड र इटाली रहेका छन् ।

# दोस्रो सुपर ओभरमा दक्षिण अफ्रिका विजयी

**काठमाडौं (प्रस)–** आईसीसी टी-२० विश्वकप अन्तर्गत समूह 'डी' मा दक्षिण अफ्रिका र अफगानिस्तानबीचको खेल प्रतियोगिताकै सबैभन्दा रोमाञ्चक खेलमध्ये एक बनेको छ ।

निर्धारित २० ओभरको खेल बराबरी भएपछि खेल सुपर ओभरमा पुगेको थियो । पहिलो सुपर ओभर पनि बराबरीमा टुंगिएपछि अन्तत: दोस्रो सुपर ओभरमा दक्षिण अफ्रिकाले ४ रनले जित निकाल्यो । योसँगै दक्षिण अफ्रिकाले सुपर ८ को सम्भावना बलियो बनाएको छ । अपराजित रहेको दक्षिण अफ्रिकाको २ खेलबाट ४ अंक छ । अफगानिस्तानको सम्भावना भने गणितिय रूपमा कायम रहेको छ । दुवै खेलमा पराजित भएको अफगानिस्तान अंकविहीन छ । निर्धारित खेलमा अन्तिम ओभरमा अफगानिस्तानलाई जितका लागि १३ रन आवश्यक थियो । कागिसो रबाडाको ओभरमा नो बल र वाइडबाट सुरुआतमै रन आएपछि समीकरण सहज बनेको थियो ।

नूर अहमदले छक्का प्रहार गर्दै खेल अफगानिस्तानतर्फ ढल्काए । अन्तिम ३ बलमा २ रन आवश्यक पर्दा फजलहक फारुकी रनआउट भएपछि खेल बराबरीमा पुग्यो । सुपर ओभरमा पहिले ब्याटिङ गरेको अफगानिस्तानले १७ रन बनायो । जवाफमा दक्षिण अफ्रिकाले पनि अन्तिम बलमा छक्का प्रहार गर्दै १७ रन नै जोड्यो । यससँगै खेल दोस्रो सुपर ओभरमा धकेलियो ।

